खुशहाल किसान, समृद्ध नेपाल
यही हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily

● वर्ष १ ● अंक ११ ● २०७९ साल मंसिर ४ गते आइतवार ● Sunday 20 Nov. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मतदाता शिक्षा प्रभावकारी....
पृष्ठ ३ मा

# निर्वाचन तयारी पुरा, आज आम निर्वाचन

## मतदाता ३३ लाख ८६ हजार ६२८, सुरक्षाकर्मी १२ हजार ६६५, मतदान केन्द्र ४ हजार २३५, मतदान स्थल २ हजार १५६, कर्मचारी ३३ हजार ८८० ।




मधेशदृष्टि
जनकपुर, मंसिर ३

आइतबार बिहान ७ बजेदेखि हुन लागेको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको मधेस प्रदेशमा सम्पूर्ण तयारी पूरा भएको छ ।

मतदान स्थलमा घेरवारदेखि मतदान स्थलमा मतदाता बस्ने लाईन घेरवारदेखि पोलिङ्ग एजेण्ट बस्नेदेखि मतपत्र बाक्स र मतदान गर्ने ठाउँ सहितको यो समाचार लेख्दासम्म तयारीको अन्तिम चरणमा रहेको थियो ।

निर्वाचनका लागि प्रदेशमा ४ हजार २३५ मतदान केन्द्रमा ८ जनाको दरले ३३ हजार ८८० जना कर्मचारी खटाइएको छ । प्रदेश निर्वाचन कार्यालयका अनुसार ८ जनामध्ये प्रत्येक मतदान केन्द्रमा १ जना मतदान अधिकृत, १ जना सहायक मतदान अधिकृत, ५ जना सहायक कर्मचारी र १ जना कार्यालय सहयोगी रहेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख श्रीधर पन्थीले जानकारी दिए ।

जिल्लागत हिसाबले सप्तरीका ५ सय ३६ मतदान केन्द्रमा ४ हजार २८८, सिरहाका ५०५ मतदान केन्द्रमा ४ हजार ४०, धनुषामा ६०५ मतदान केन्द्रमा ४ हजार ८४०, महोत्तरीका ४९९ मतदान केन्द्रमा ३ हजार ९९२,सर्लाहीमा ६ सय मतदान केन्द्रमा ४ हजार ८ सय, रौतहटका ५ सय २३ मतदान केन्द्रमा ४ हजार १८४, बारामा ५ सय ५५ मतदान केन्द्रमा ४ हजार ४४० र पर्सामा ४ सय १२ मतदान केन्द्रमा ३ हजार २९६ कर्मचारी खटाइएको छ । यस प्रदेशमा जम्मा ३३ लाख ८६ हजार ६२८ मतदाता छन् । प्रदेशका ३२ प्रतिनिधिसभा तथा ६४ प्रदेशसभा निर्वाचन क्षेत्रका लागि आइतबार बिहान ७ बजेदेखि सुरु हुन लागेको निर्वाचनमा १८ लाख २७ हजार ८५४ पुरुष, १५ लाख ५८ हजार ७०४ महिला र ७० जना अन्य मतदाताले आ-आफ्नो मताधिकारको प्रयोग गर्ने प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

आसन्न निर्वाचनका लागि प्रदेशमा २ हजार १५६ मतदान स्थल र ४ हजार २३५ मतदान केन्द्र निर्धारण गरिएको प्रदेश निर्वाचन कार्यालयका प्रमुख पन्थीले जानकारी दिए ।

निर्वाचनको सुरक्षाका लागि मधेस प्रदेशमा १२ हजार ९ सय ६५ नेपाल प्रहरी खटिएका छन् भने २४ हजारभन्दा बढी म्यादी प्रहरी खटाइएको छ ।प्रदेशका आठवटै जिल्लामा २४ हजार ४३ म्यादी प्रहरी खटाइएको छ । जसमध्ये सबैभन्दा बढी धनुषामा ३ हजार ८८६ र सबभन्दा कम पर्सामा २ हजार ७ जना रहेका छन ।

जिल्लागत रुपमा सप्तरीमा ३ हजार २७८, सिरहामा २ हजार ८०९, महोत्तरीमा २ हजार ८०१, सर्लाहीमा ३ हजार ३०७, रौतहटमा २ हजार ९३९, बारामा ३ हजार १४४ र पर्सामा २ हजार ७ जना म्यादी प्रहरी खटाइएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले जानकारी दिएका छन । प्रदेशका अधिकांश मतदान स्थल र मतदान केन्द्रलाई अतिसंवेदनशिल सूचिमा राखिएको छ । प्रदेशका १ हजार २३० मतदान स्थल र २ हजार ४७२ मतदान केन्द्रलाई अतिसंवेदनशिल सूचिमा वर्गीकृत गरिएको छ भने ७७९ मतदान स्थल र १ हजार ४९८ मतदान केन्द्र संवेदनशिल, १४७ मतदान स्थल र २६५ मतदान केन्द्र सामान्य सूचिमा रहेको प्रवक्ता तिम्सिनाले जानकारी दिए ।

प्रदेशमा झण्डै ३४ लाख मतदाता रहेकोमा सप्तरीमा २ लाख १७ हजार २८२ पुरुष, २ लाख १ हजार ७१ महिला र अन्य २१ गरी जम्मा ४ लाख १८ हजार ३७४ मतदाता छन् ।

त्यस्तै, सिरहा २ लाख २४ हजार ९९ पुरुष, १ लाख ९८ हजार ६११ महिला र अन्य २ गरी जम्मा ४ लाख २२ हजार ७१२, धनुषामा २ लाख ५२ हजार ९१५ पुरुष, २ लाख २१ हजार ६६५ महिला र अन्य ७ गरी कूल ४ लाख ७४ हजार ५८७, महोत्तरीमा २ लाख १५ हजार १३१ पुरुष, १ लाख ८१ हजार ८९८ महिला र अन्य एक जना गरी कूल ३ लाख ९७ हजार ३० मतदाता रहेका छन् ।

उता, सर्लाहीमा २ लाख ५९ हजार ४१४ पुरुष, २ लाख १९ हजार ६१४ महिला र १० जना अन्य गरी जम्मा ४ लाख ९७ हजार ३८, रौतहटमा २ लाख २७ हजार २२९ पुरुष, १ लाख ८८ हजार २५५ महिला र एक जना अन्य गरी जम्मा ४ लाख १५ हजार ४५५, बारामा २ लाख ३६ हजार ८८० पुरुष, १ लाख ९६ हजार ६१२ महिला र १२ जना अन्य गरी कूल ४ लाख ३३ हजार ५०४ र पर्सा १ लाख ९४ हजार ९०४ पुरुष, १ लाख ५१ हजार ८ महिला र १६ अन्य मतदाता गरी कूल ३ लाख ४५ हजार ९२८ जना मतदाता रहेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

# पैसा बाँड्ने र प्रचार गर्ने पक्राउ

मुकेश कुमार साह
रौतहट, मंसिर ३

मतदातालाई प्रलोभनमा पर्न खोज्ने ८ जनालाई नगद, स्वस्तिक छाप लागेको नमुनामतपत्र सहित संयुक्त सुरक्षा गस्ती टोलीले रौतहटको विभिन्न स्थानहरुबाट शुक्रवार राति नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा जनता समाजवादी पार्टीका क्षेत्र नम्वर ४ प्रदेश सभा (ख) का उम्मेदवार फुलबाबु भन्ने अबुल कलाम आजादका कार्यकर्ता तथा आफन्तहरु रहेको बताइएको हो। रौतहटको गढीमाई नगरपालिका ४ मा प्रहरी निरीक्षक अरविन्दकुमार साहको कमाण्डमा रहेको गस्ती टोलीले विआर ३० एवि ७५२० नम्वरको कारलाई चेकजाँच गर्दा प्रेसर कुकर, स्वस्तिक छाप लागेका ६ हजार नमुनामतपत्र सहितका सामग्रीहरु बरामद भएको जनाईएको छ ।

कार चालक रौतहटको गरुडा नगरपालिका २ गेडहीगुठीका २४ बर्षिय रंजितकुमार यादव, लगाएत २३ बर्षिय निलेश यादव , १४ वर्षीय रंजन यादवका साथै वृन्दावननगरपालिका ४ का २३ वर्षीय छोरा अनिलयादव, कटहरिया नगरपालिका ६ फत्तेपुरका ३१ वर्षीय मनिर मिया र मौलापुर नगरपालिका ६ पथराका २४ वर्षीय सत्यलालयादव रहेको प्रहरीले जनाएको छ ।

यस्तै बा १७ च ८३९८ नम्बरको कारबाट संयुक्त सुरक्षा टोलीले दुई जनालाई नियन्त्रणमा लिनुका साथै केही नगद र नमुना मतपत्र बरामद गरेको छ ।

गढीमाई ४ बाट संयुक्त सुरक्षा टोलीले कार चालक गरुडा नगरपालिका ८ जिंगडियाका २३ वर्षीय खुरसेद शेष र गढीमाई ३ गम्हरियाका ५१ वर्षीय शेष मुन्नालाई दुई लाख १४ हजार २ सय रुपैया नगदका साथै जसपा र एमालेको स्वस्तिक चिन्ह नियन्त्रणमा लिएको जिल्लाप्रहरी कार्यालय रौतहटले जनाएको छ ।

शुक्रवार राती विभिन्न स्थानबाट नियन्त्रणमा लिइएका ८ जना व्यक्ति, कार तथा नगद र नमुना मतपत्रसहित अन्य विषयमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डिएसपी सुनिल मल्लले बताए ।

### मौन अवधिमा चुनावप्रसार गर्ने दुई पक्राउ

यसै बिच मौन अवधिमा चुनावप्रसार गरेको भन्दै प्रहरीले पर्सामा दुई जनालाई पक्राउ गरेको छ। जगरनाथपुर गाउँपालिका-४ का ४५ वर्षीय सहवीर अहमद र सिन्धुलीको दूधौली- ९ का २१ वर्षीय सुरज साहलाई पक्राउ गरेको हो । सुरज सवारी चालक हुन् । पर्सा-४ मा पर्ने कालिकामाई गाउँपालिका-१ मुड्लीमा गस्ती गरिरहेको नेपाली सेनाको टोलीले शनिवार दिउँसो बा १४ च ४७४८ नम्बरको गाडी चेकजाँच गरेको थियो । गाडीबाट नक्कली मतपत्र ५९८ थान र ४ थान स्वस्तिक

# आयोगद्वारा नै बालबालिका प्रयोग

मधेशदृष्टि
जनकपुर, मंसिर ३

आचारसंहिता विपरित निर्वाचन प्रयोजनमा उम्मेदवार मात्र होइन निर्वाचन आयोगबाट खटाइएका कर्मचारीसमेतले बालबालिकाको प्रयोग गरेको पाइएको छ ।

निर्वाचन आयोगले १८ वर्ष उमेर पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचारप्रसार वा निर्वाचन सम्बन्धी कुनैपनि प्रयोजनमा प्रयोग गर्न नपाइने निर्देशन दिइसकेको अवस्थामा निर्वाचनमा खटाइएका कर्मचारीद्वारा जनकपुरधाममा एक मतदान स्थल निर्माणको क्रममा बालबालिकाको प्रयोग गरिएको पाइएको छ ।

आइतबार हुन लागेको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि जनकपुरधाम-१३ पिडारी पछियारी टोलस्थित वैदेही सामुदायिक सेवा समितिमा मतदान केन्द्र निर्माणको काममा बालबालिकाको प्रयोग गरिएको पाइएको हो ।

आयोगले धनुषामा निर्वाचनका लागि ४ हजार ८४० कर्मचारी खटाएको अवस्थामा मतदान केन्द्र निर्माणका लागिबालबालिकाको प्रयोग गर्नु दुःखद रहेको स्थानीय विनोद यादवले बताए ।

उनले प्रत्येक मतदान केन्द्रमा ८ कर्मचारी, म्यादीप्रहरी र ३/४ जना स्वयंसेवक खटाइएको अवस्थामा मतदान स्थल निर्माणका लागि बालबालिकाको प्रयोग गर्नु आचारसंहिता विपरित रहेको त्यस्ता मतदान अधिकृतलाई कारवाही गर्नुपर्ने बताए ।

घटना सम्बन्धमा वैदेही सामुदायिक सेवा समितिका मतदान अधिकृत रामनारायण चौधरीले मतदान स्थल निर्माणमा बालबालिकाको प्रयोग भएको स्वीकार गरेका छन् ।

उनले भने, 'आफू उपस्थित नभएको बेलामा कुनै कर्मचारीले एकजना बालकलाई मजदुरीको काममा खटाएको हो तर भूलसुधार गरिसकेको छु ।'

यता मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले कुनैपनि कर्मचारीले जानीजानी गल्ती गर्दैनन् । जहाँसम्म पिराडी चौक स्थित वैदेही सामुदायिक भवनस्थित मतदान स्थलको कुरा हो त्यहाँ कर्मचारीले गल्ती गरेको छैन ।

मतदानस्थल निर्माणका लागि एकजना मजदूरलाई राखिएको थियो, ती मजदूरसँग तिनका छोराले काममा सहयोग पुऱ्याउन खोजेको थियो । तर हाम्रो कर्मचारी र सुरक्षाकर्मीले थाहा पाउने बित्तिकै ती बालकलाई त्यहाँबाट हटाइएको थियो ।

बालबालिका प्रयोग गरेका कर्मचारीलाई के कस्ता कारवाही हुने बारे उनले भने,



'यो कर्मचारीबाट भूलवश गल्ती हुनगएको छ । ती गल्तीका कारण कर्मचारीलाई कारण अन्तिम समयमा आएर हटाइयो भने कर्मचारी व्यवस्था गर्न समस्या हुँदा चुनाव जस्ता महाअभियान नै हाम्रो प्रभावित हुन सक्छ, त्यसैले यसलाई 'इस्यू' बनाउनु भन्दापनि महाअभियान सफल पार्न सबैको सहयोग आवश्यक छ । यसअघि उम्मेदवारहरूले पनि निर्वाचन प्रचारप्रसारमाब ालबालिकालाई पर्चा वितरणदेखि भित्तामा पोस्टर टाँस्ने काममा प्रयोग र उम्मेदवारको भाषण अघि र पछि बालबालिका चर्को स्वरमा दमाहा बजाएर सभा र घरदैलोमा आचारसंहिता वपरितको रौनकता देखिएको थियो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३, राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण अन्तर्गत उपदफा (१) को खण्ड (ट) मा 'निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउननहुने' व्यवस्था रहेको छ ।

# चुनावमा झस्किएका सहिद परिवार

जनकपुर, मंसिर ३

देशभर प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको चुनाव लागेको छ, तर रामनरेश यादवलाई तनाव । दिनहुँ हुने चुनावी भेला, भाषण र चहलपहलले गाउँबस्ती गुञ्जायमान छन् तर उनको मनमा बेचैनी र उथलपुथल छ । उम्मेदवार, समर्थक र नेता, कार्यकर्ता मतदाता सम्हाल्न व्यस्त छन् तर उनकी श्रीमती रानीमती देवी मन सम्हाल्न । टोल-टोल र घर-घरमा चुनावी जोडघटाउ चलिरहेको छ तर श्रीनारायण यादवमा भने मनस्थिति खल्बल्याउने गरी विस्मृतिहरू बढिरहेका छन् । सकेसम्म हुलमुल, जमघट र सभा सम्मेलन नदेखे हुन्थ्योजस्तो लाग्ने श्रीनारायणले चुनावी रौनक सुरु भएदेखि नै त्यस्तै चहलपहल देख्नुपरेको छ । यसले विगतका स्मृति र विस्मृतिहरूलाई उप्काएर दिनहुँ बिथोलिरहेको छ । ममता चौधरीलाई पनि यस्तै लाग्ने गर्दछ । दुःख घटाउँदै खुसी जोड्ने सपनालाई क्षणभरमै उजाडेको त्यो ठूलो भीड, त्यस्तै भीडहरू देख्दा अहिले पनि यादहरू फर्केर आउने । विसं २०७२ भदौ २५ गते यस्तै थियो, 'चलु जनकपुर भरु जनकपुर' भन्दै घर-घरबाट निस्किरहेका मानिस, संविधानमा मधेसी जनताको भावना समेट्न माग गर्दै घन्किरहेका नारा । त्यही दिन प्रहरीको गोली लागेर लक्ष्मीनिया गाउँपालिका-१ अरेरवाका दिलीप यादव, जनकपुरधाम उपमहानगरपालिका-१९ जमुनियाका नितु यादव र क्षिरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका सञ्जय चौधरीले सहादत प्राप्त गरेका थिए । तिनै सहिद दिलीप यादवका बुवाआमा भन्छन्, रामनरेश यादव र रानीमती देवी । श्रीनारायण यादव सहिद नितु यादवका बुवा र ममता सहिद सञ्जय चौधरीकी बहिनी । चुनावी अभियान सुरु भएदेखि नै गाउँघरमा नेताहरूको आगमन बढिरहेको

बाँकी पृष्ठ ६ मा

# कर्मचारी र सुरक्षाकर्मीले कस्ता सेवासुविधा पाउँछन् ?

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि यसपटक निर्वाचन आयोगले दुई लाख ४६ हजार नौ सय ६० कर्मचारी खटाएको छ । देशभरका २२ हजार दुई सय २७ मतदान केन्द्र, एक सय ४१ अस्थायी मतदान केन्द्र र १० हजार आठ सय ९२ मतदानस्थलमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीलगायत खटाइएका छन् । निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणनास्थलमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको व्यवस्थापनका लागि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ कार्यान्वयनमा रहेको छ । यसरी निर्वाचनमा खटिएका कर्मचारीले 'प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९' मा रहेको व्यवस्थाअनुसार विभिन्न सेवासुविधा पाउँछन् । मतदान केन्द्र, अस्थायी मतदान केन्द्र तथा मतदानस्थलमा खटिने कर्मचारीले पाउने सेवा सुविधा निर्वाचन अधिकृतको कार्यालयले उपलब्ध गराउँछ । निर्वाचनका क्रममा खर्च हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा निकासा दिन्छ ।

कार्यविधिअनुसार मतदान केन्द्रमा खटिने मतदान अधिकृतलाई प्रतिदिन रु दुई हजार पाँच सय, सहायक मतदान अधिकृतलाई रु दुई हजार, सहायक कर्मचारीलाई रु एक हजार छ सय र सहयोगी कर्मचारीलाई रु एक हजार दुई सय भत्ता उपलब्ध गराइन्छ । सहायक मतदान अधिकृत राजपत्राङ्कितस्तरको कर्मचारी भएमा भने अधिकृतसरह नै दैनिक तथा भ्रमण भत्ता पाउँछन् । मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म र निर्वाचन अधिकृतको कार्यालयबाट आफ्नो कार्यालयसम्म जान आउन लाग्ने दिन र मतदान केन्द्रमा बस्ने तीन दिनकोसमेत दैनिक तथा भ्रमण भत्ता दिइन्छ । पैदलयात्रा गर्दा प्रति १५ किलोमिटरलाई एक दिन मानि दैनिक भत्ता उपलब्ध गराउने व्यवस्था छ । प्रमुख मतगणना अधिकारी

बाँकी पृष्ठ ६ मा




निर्वाचन तयारी : निर्वाचनका लागि धनुषा क्षेत्र-३ को अतिथि सदन मतदान केन्द्र । *तस्विरः मधेशदृष्टि*

# बारामा ५५५ स्थानबाट मतदान हुँदै

मधेशदृष्टि
बारा, मंसिर ३

आईतवार हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि बारामा ५५५ वटा मतदान केन्द्र निर्धारण गरिएको छ । जिल्ला निर्वाचन कार्यालय बाराले सार्वजनिक गरेको तथ्याङ्कअनुसार जिल्लाको निर्वाचन क्षेत्र नं १ 'क' मा ८६, 'ख' मा ६९ वटा मतदान केन्द्र तोकिएको छ भने जिल्लाको दक्षिणी भेगमा भारतीय सीमासँग जोडिएको निर्वाचन क्षेत्र नं २ ९क०मा ६९ 'ख' मा ६७ वटा मतदान केन्द्रहरु रहेका छन् ।
निर्वाचन कार्यालयले क्षेत्र नं ३ 'क' मा ६९ र 'ख' मा ६३ वटा र जिल्लाको उत्तरी भेग मकवानपुरसँग जोडिएका बारा-पर्सा औद्योगिक करिडोर समेटिएको महत्वपुर्ण निर्वाचन क्षेत्र नं ४ मा 'क'मा ६४ र 'ख' ६८ वटा मतदान केन्द्रहरु तोकेको छ । संघ र प्रदेशमा जिल्लाभरका लागि ३०५ वटा मतदान स्थल रहेका छन् ।
जिल्ला निर्वाचन कार्यालय बाराका प्रमुख निर्वाचन अधिकृत सरोजकुमार चौधरीले एउटै मतदान स्थलमा 'क' र 'ख' गरी दुई वा दुई भन्दा बढी मतदान केन्द्र रहने भएकाले मतदान स्थलको तुलनामा मतदान केन्द्रको संख्या अधिक भएको बताएका छन् ।
स्थानीय तह निर्वाचन पछि थपिएको १२ हजार ७४५ मतदाता सहित जिल्लामा ४ लाख ३३ हजार ५०४ मतदाता रहेको जनाएको छ । जसमध्ये महिला संख्या अधिक रहेको छ । महिला मतदाता २ लाख ३६ हजार ८८० र १ लाख ९६ हजार ६१२ पुरुष मतदाता रहेका छन् । महिला-पुरुष बाहेक अन्य समूह 'तेस्रो लिङ्गी' १२ जना रहेका छन् । जिल्लाको ४ वटा संघीय निर्वाचन क्षेत्रमध्ये सबैभन्दा धेरै मतदाता क्षेत्र नं १ मा रहेका छन् । सो क्षेत्रमा १ लाख १९ हजार ३७५ मतदाता र बाँकी ३ वटा संघीय निर्वाचन क्षेत्रमा भने १ लाख ३ हजार देखि १ लाख ५ हजारको हाराहारीमा रहेका छन् । जिल्लाको ४ संघीय निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं १ र ४ सबैभन्दा धेरै महत्वपुर्ण क्षेत्र मानिन्छ ।

# शिक्षामा वाचा गर्दै कार्यान्वयनमा उदासीनता

२०७४ सालको निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को वाम गठबन्धनले साझा घोषणामार्फत शिक्षा क्षेत्रमा २० प्रतिशत बजेट छुट्याउने वाचा गर्यो । निर्वाचनमा वाम गठबन्धनले बहुमत ल्यायो र केपी शर्मा ओलीको नेतृत्वमा सरकार पनि बन्यो । तर ओली नेतृत्वमा सरकारले ल्याएका चारवटा बजेटमा वाचा गरेभन्दा करिब आधा मात्रै बजेट विनियोजन हुनसक्यो । अर्थमन्त्रीका रुपमा खतिवडाले आर्थिक वर्ष २०७५/७६ मा १० दशमलव २३, आव २०७६/७७ मा १० दशमलव ६४ र आव २०७७/७८ मा ११ दशमलव ६४ प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि छुट्याएका थिए । त्यसैगरी ओली नेतृत्वकै सरकारका तर्फबाट अर्थमन्त्री विष्णु पौडेलले आव २०७७/७८ मा १० दशमलव ९२ प्रतिशत र वर्तमान सरकारका अर्थमन्त्री जनार्दन शर्माले चालु आवमा १० दशमलव ९५ प्रतिशत मात्रै बजेट विनियोजन गरेका छन् । नेकपा (एमाले)ले चार वर्षअघि गरेको त्यो वाचा भने यसपटकको घोषणापत्रमा उल्लेख गरेको छैन । बरु २०७४ मा जस्तै माओवादी केन्द्रले भने त्यसलाई निरन्तरता दिएको छ । साथै, आसन्न निर्वाचनको घोषणापत्रमा नेपाली कांग्रेसले पनि शिक्षा क्षेत्रमा कूल सार्वजनिक खर्चको २० प्रतिशत पुर्याउने नीति लिइने उल्लेख गरेको छ । यद्यपि विगतका इतिहास हेर्दा त्यो कार्यान्वयन हुनेमा भने विश्वास गर्न नसकिने विज्ञहरु बताउँछन् । शिक्षा क्षेत्रमा सबैभन्दा बढी बजेट आव २०६७/६८ मा एमालेका सुरेन्द्र पाण्डे अर्थमन्त्री भएका बेला १७ दशमलव १ प्रतिशत बजेट बिनियोजन भएको थियो । त्यसयता लगातार ओरालो लागेको शिक्षाको बजेट २०७४/७५ मा नौ दशमलव ९१ प्रतिशतसम्म झरेको थियो । शिक्षाविद् धनञ्जय शर्मा शिक्षामा पर्याप्त लगानी नहुँदासम्म घोषणापत्रमा भनिएजस्तो विकास गर्न नसकिने बताउँछन् । 'राजनीतिक दलहरुले लामो समयदेखि शिक्षामा २० प्रतिशत बजेट छुट्याउने वाचा गर्दै आएका छन्, तर सो अनुसारको कार्यान्वयन भएको छैन', उनले भने, 'आर्थिक अवस्था कमजोर हुँदासम्म शिक्षामा सुधार गर्न सकिन्न ।' त्यसो त आर्थिक पाटो सबल हुने बित्तिकै शिक्षामा सुधार हुने पनि होइन तर आर्थिक पक्ष बलियो भने हुनुपर्ने उनको भनाइ छ । 'डाकर सम्मेलनमा नेपालले २० प्रतिशत बजेट शिक्षाका लागि छुट्याउने बाचा गर्यो, त्यसैलाई राजनीतिक दलले चुनावी एजेन्डा बनाए', उनले भने, 'तर कार्यान्वयन भने राजनीतिक दलहरुको इच्छाशक्ति देखिएको छैन ।' शिक्षामा किन आवश्यक हुन्छ लगानी ? एउटा प्रसिद्ध चिनियाँ भनाइ छ- यदि एक वर्षका लागि हो भने धान रोप, १० वर्षका लागि हो भने रुख रोप । तर तिमी सय वर्षका लागि हो भने शिक्षामा लगानी गर । यो प्रसिद्ध भनाइले शिक्षाको महत्व बुझाउँछ । तर राजनीतिक दलहरु भने शिक्षामा आमूल परिवर्तनलाई प्राथमिकतामा राखेको पाइँदैन । दलका घोषणापत्रमा गुणस्तरीय शिक्षा त भनिन्छ, तर त्यसलाई प्राप्त गर्ने प्रक्रियाका विषयमा न त उल्लेख गरिन्छ न त कार्यान्वयनका लागि पहल नै गरिन्छ । निर्वाचनपछि बन्ने हरेक सरकारले सरकारी तथा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्नका लागि कुनै पनि योजना बनाएको पाइँदैन । हरेक वर्ष सार्वजनिक हुने नीति तथा कार्यक्रममा शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्ने भनिन्छ तर त्यो कार्यान्वयन हुँदैन । विद्यालय तहको शिक्षा सुधार गर्नका लागि राजनीतिक दलहरुले विशेष प्राथमिकताका साथ मुद्दा बनाएको उदाहरण निकै कम भएको शिक्षाविद् डा विद्यानाथ कोइरालाको भनाइ छ । 'घोषणापत्रमा लेखिएका विषय कार्यान्वयन गर्न नसकिने खालका छैनन्', उनले भने, 'तर नेतृत्वमा पुगिसकेपछि इच्छाशक्ति र कार्यान्वयनका लागि तत्परता नदेखिँदा समस्या समाधान हुन सकेको छैन', उनले भने । उनका अनुसार राजनीतिक दलमा लोकप्रियताका लागि लेख्ने तर कार्यान्वयनमा जोड नदिने प्रवृत्ति हाबी भएको बताउँछन् । 'गुणस्तरीय शिक्षा र साक्षरताको रटान सबै राजनीतिक दलले लगाएकै छन्, तर त्यसको कार्यान्वयन कसरी गर्ने भन्नेमा कसैको ध्यान छैन', उनले भने, "स्थानीय, प्रदेश वा संघ कुन तहले गर्ने हो यकिन भए काम गर्न गाह्रो पनि छैन ।" शिक्षाविद् शर्मा घोषणापत्र हेर्दा सबैका राम्रा भए पनि कार्यान्वयन नहुँदा विश्वास गर्ने आधार नभएको बताउँछन् । 'अनिवार्य र निःशुल्क शिक्षाको नारा लामो समयदेखि लगाइँदै आएको छ तर त्यसको कार्यान्वयन नहुँदा घोषणापत्रमा लेखिएका विषयमा विश्वास लाग्न छाड्यो', उनले भने, 'कार्यान्वयन नहुने हो भने जे लेखे पनि के फरक पर्छ ?' घोषणापत्रमा के छ ? अधिकांश राजनीतिक दलका घोषणापत्रमा गुणस्तरीय शिक्षा र कक्षा १२ सम्म अनिवार्य र निःशुल्क शिक्षामा जोड दिने विषय समेटिएका छन् । जुन संविधान प्रदत्त अधिकार पनि हो । नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो घोषणापत्रमा गुणस्तरीय शिक्षाको महत्व उल्लेख गर्न छुटाएका छैनन् । त्यसबाहेक रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी र माओवादी केन्द्रले विज्ञान, प्रविधि, इन्जिनियरिङ (स्टिम) एजुकेसनलाई जोड दिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले त सरकार जमानी बसी बिनाधितो शैक्षिक कर्जा उपलब्ध गराउने वाचा गरेको छ ।

> “ एउटा प्रसिद्ध चिनियाँ भनाइ छ – यदि एक वर्षका लागि हो भने धान रोप, १० वर्षका लागि हो भने रुख रोप । तर तिमी सय वर्षका लागि हो भने शिक्षामा लगानी गर ।

विद्यार्थीले भविष्यमा कमाएर भुक्तान गर्ने गरी नेपालमै स्नातक र उच्च अध्ययन गर्नेका लागि बिनाधितो शैक्षिक कर्जा उपलब्ध गराउन आर्थिक संयन्त्रको स्थापना गर्ने घोषणापत्रमा उल्लेख छ । नेपाली कांग्रेस नेपाली कांग्रेसको घोषणापत्रमा सामुदायिक विद्यालयका शिक्षकलाई परिणाममुखी र उत्तरदायी तुल्याउने कार्यक्रम कार्यान्वयन, विद्यालयहरूमा पुस्तकालय, इन्टरनेट, प्रयोगशालाको प्रबन्ध गरिने उल्लेख छ । लोकतन्त्र, शान्ति, मानव अधिकार र अहिंसाजस्ता अवधारणालाई विद्यालयस्तरको शैक्षिक पाठ्यक्रममा समावेश गरिने पनि घोषणापत्रमा उल्लेख छ । कांग्रेसले निजी क्षेत्रले मुलुकको विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न पुर्याएको योगदानको कदर र उच्च मूल्याङ्कन गर्दै निजी क्षेत्रको सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने, निजी क्षेत्रलाई विपन्न तथा वञ्चितीकरणमा परेका वर्ग प्रति सामाजिक उत्तरदायित्व देखाउन उत्प्रेरित गर्ने उल्लेख छ । विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने, प्रत्येक जिल्लामा रोजगारमूलक तथा स्वउद्यम प्रवर्द्धन गर्ने प्राविधिक शिक्षालयको व्यवस्था गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्न नसकेका युवालाई रोजगार मुखी प्राविधिक शिक्षा तथा तालिम दिइनेछ पनि घोषणापत्रमा समेटिएको छ । प्राविधिक तथा व्यावसायिक तालिमलाई व्यापकता दिने, निजी क्षेत्रलाई रोजगारमुखी प्राविधिक शिक्षालय खोल्न प्रोत्साहन गर्ने र अति दुर्गम क्षेत्रमा समुदायिक विद्यालयहरूलाई आवासीय विद्यालयका रुपमा रुपान्तरण गर्ने पनि घोषणापत्रमा उल्लेख छ । उच्च-माध्यमिक तहसम्म कुनै पनि विद्यार्थीलाई राजनीतिक सङ्गठनको सदस्यता प्रदान नगर्न आवश्यक कदम अगाडि बढाइनेछ । स्नातक उत्तीर्ण गरेका विद्यार्थीहरुलाई शैक्षिक प्रमाणपत्रका आधारमा शैक्षिक ऋण उपलब्ध गराइने, सबै प्रदेशमा कम्तीमा एउटा विश्वविद्यालय स्थापना, सामुदायिक तथा निजी क्षेत्रमा विश्वविद्यालय स्थापना सहज तुल्याउन विश्वविद्यालयसम्बन्धी छाता ऐन ल्याइने पनि उल्लेख छ । उच्च शिक्षा अध्ययनमा रहिआएको शिक्षण र परीक्षण विधिको सैद्धान्तिक बर्चस्वलाई न्यूनीकरण गर्दै ६० प्रतिशत सैद्धान्तिक र ४० प्रतिशत प्रयोगात्मक मूल्याङ्कन विधि अवलम्बन गरिनेछ । नेकपा (एमाले) नेकपा एमालेले अघिल्लो निर्वाचनमा जस्तै यस निर्वाचनमा पनि दुई वर्षभित्र दुई वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना सुनिश्चित गर्ने वाचा गरेको छ । एमालेले वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षाको हिस्सा ७० प्रतिशत पुर्याउने वाचा गत निर्वाचनमा जस्तै यसपटक पनि दोहोर्याएको छ ।

शिक्षण पेसालाई मर्यादित बनाइने र अतिरिक्त आम्दानीका लागि भौँतारिनुपर्ने अवस्था अन्त्य गरी शिक्षकलाई सम्मानजनक जीवन जिउन पुग्ने तलब सुविधा उपलब्ध गराउने एमालेले घोषणापत्रमा उल्लेख गरेको छ । माध्यमिक शिक्षालाई उत्पादनसँग जोड्नै जीवनोपयोगी तुल्याउन प्रत्येक पालिकामा प्राविधिक मावि स्थापना र तिनलाई गुणस्तरीय रुपमा सञ्चालन गर्न सङ्घ र प्रदेशबाट सहकार्य गरिने उल्लेख छ । देशका लागि आवश्यक जनशक्तिको विधागत तथा विषयगत माग र आपूर्तिको तुलनात्मक विश्लेषणका आधारमा राष्ट्रिय जनशक्ति प्रोफाइल तयार गरिने उल्लेख छ । नेकपा (माओवादी केन्द्र) नेकपा (माओवादी केन्द्र)ले २०७४ सालमा जस्तै यसपटक पनि शिक्षामा २० प्रतिशत बजेट छुट्याउने भनेको छ भने छ महिनाभित्र सङ्घीय शिक्षा ऐन जारी गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।

माओवादी केन्द्रले प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्रादेशिक विश्वविद्यालय स्थापना, प्रत्येक जिल्लामा त्रिभुवन विश्वविद्यालयको कम्तीमा एउटा आंगिक क्याम्पस स्थापनाका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । साथै, राज्यले सञ्चालन गर्ने विश्वविद्यालयलाई सङ्घीय संरचना अनुरुप हुने गरी पुनर्संरचना, लामो समयदेखि अध्यापन गराइरहेका एक लाखभन्दा बढी राहत, करार लगायतका शिक्षक तथा प्राध्यापकलाई विशेष कानूनी व्यवस्था गरी स्थायी गरिने उल्लेख गरेको छ । लामो समयदेखि आंशिक प्राध्यापकका रुपमा कार्यरत प्राध्यापकहरुलाई करार तथा स्थायी गराउने प्रक्रिया अगाडि बढाइनेछ । शैक्षिक क्षेत्रमा बन्दहडताललाई निरुत्साहित गरिने, विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरुको नियुक्त योग्यता र क्षमताका आधारमा गरिने र श्रम बजारको माग, विज्ञापन प्रविधिका क्षेत्रको जनशक्ति र देशको आवश्यकतालाई ध्यानमा राख्दै २० वर्षे जनशक्ति प्रक्षेपण गरी सोही अनुसारको शिक्षामा जोड दिइने घोषणा पत्रमा उल्लेख छ । शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिनाअघि नै

*बाँकी पृष्ठ ६ मा*

# धनुषामा निर्वाचन तयारी

मधेशदृष्टि
जनकपुर, मंसिर ३ ।

आइतबार हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि धनुषामा पनि सम्पूर्ण तयारी पूरा भएको छ । जिल्लाको चारवटै निर्वाचन क्षेत्रका मतदान स्थल तथा केन्द्रहरुमा निर्वाचन प्रक्रियाका लागि सम्पूर्ण तयारी पुरा भएको निर्वाचनको अन्तिम तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन आवश्यक पर्ने निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण तयारी पूरा भइसकेको धनुषाका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले बताएका छन ।
जिल्लाको ३ सय २२ मतदान स्थलका ६ सय ५ वटै मतदान केन्द्रमा मतदान सामाग्री, कर्मचारी तथा सुरक्षाकर्मीहरु मतदान स्थलमा पुगिसकेको उनले बताए । निर्वाचनका लागि चाहिने आवश्यक ५८प्रकारका सामग्रीहरू प्रहरीको सुरक्षामा मतदान स्थलमा सुरक्षाका साथ राखिएको र मतदान केन्द्र निर्माणको कार्यसमेत सम्पन्न भइसकेको मुख्य निर्वाचन अधिकृत प्याकुरेलले जानकारी दिए । धनुषाका चार निर्वाचन क्षेत्रमध्येनिर्वाचन क्षेत्र नम्बर-१ मा १५१ मतदान केन्द्रमार्फत ६१ हजार ६३३ पुरुष र ५६ हजार ९९४ महिला गरि कूल १ लाख १८ हजार ६२८ जना मतदाताले आ-आफ्नो मताधिकारको प्रयोग गर्ने भएका छन् । त्यस्तै, निर्वाचन क्षेत्र नम्बर-२ को १६५ मतदान केन्द्रमार्फत ६६ हजार ८१० पुरुष र ५७ हजार ९४४ महिला गरि १ लाख २४ हजार ७५५, क्षेत्र नम्बर-३ मा १४५ मतदान केन्द्रमार्फत ६२ हजार ८७ पुरुष र ५१ हजार ९१९महिलासहित कुल १ लाख १४ हजार ९ र क्षेत्र नम्बर-४ मा १४४ मतदान केन्द्रमार्फत ६२ हजार ३८५ पुरुष र ५४ हजार ८०८ महिला गरि कुल १ लाख १७ हजार १९५ जना मतदाताले मतदान गर्ने भएका छन् ।
धनुषाका ३ सय २२ मतदानस्थल मध्ये अतिसंवेदनशील १ सय ९४ वटा, संवेदनशील १११ र वटा १७ सामान्य मतदान स्थल रहेका छन् ।धनुषामा निर्वाचनका लागि ४ हजार ८४० कर्मचारी खटिएका छन् । प्रत्येक मतदान केन्द्रमा ८ जना कर्मचारी खटाइएका छन् । ८ मध्ये प्रत्येक मतदान केन्द्रमा १ जना मतदान अधिकृत, १ जना सहायक मतदान अधिकृत, ५ जना सहायक कर्मचारी र १ जना कार्यालय सहयोगी रहनेछन् ।
निर्वाचन सुरक्षाका लागि धनुषामा ६ हजार सुरक्षाकर्मी खटिएका छन् । जसमा नेपाल प्रहरी, म्यादी प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना खटिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन । उनका अनुसार निर्वाचन विरोधी गतिविधि र उच्चश्रृंखल गतिविधि रोक्न सादा पोशाकका प्रहरी र १ सय भन्दा बढिको संख्यामा मोबाइल गस्ती टोली समेत परिचालन गरिएको छ । प्रतिनिधिसभा तर्फ धनुषाको निर्वाचन क्षेत्र नम्बर-१ मा २५, क्षेत्र नम्बर-२ मा १६, क्षेत्र नम्बर-३ मा ३१ र क्षेत्र नम्बर-४ मा ३१ जना उम्मेदवार छन् भने प्रदेशसभा १ को (क) मा १४, (ख) मा १४ र २ को (क) मा १४ तथा (ख) मा १७ जना उम्मेदवार छन् । त्यस्तै, ३ को (क) मा २० र (ख) मा २७ तथा ४ को (क) मा १९ र (ख) मा १३ जना उम्मेदवार छन् । आइतबार हुने निर्वाचनमा यस जिल्लामा २ लाख ५२ हजार ९१५ पुरुष, २ लाख २१ हजार ६६५ महिला र अन्य ७ गरी कूल ४ लाख ७४ हजार ५८७ जनाले आ-आफ्नो मताधिकारको प्रयोग गर्ने भएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकायको भय रहला । पुँजी बजारको लगानी कमजोर हुनसक्छ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
वैदेशिक कार्य अघि बढ्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । शुभकार्यको चर्चा समेत चल्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ । प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट पनि हुनेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज अनावश्यक ठाउँमा धन खर्च हुनसक्छ । नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला । शेयर बजारमा लगानी गर्नु उपलब्धीमूलक नहोला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
ाज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । ताकेको कार्य पुरा होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
सामाजिक कार्यमा रुचि बढ्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । श्रमको उचित मल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज नयाँ कामको थालनी हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । शुभ कार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज लाभहानी, सुखदुःख बराबरी खालको समय छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ मिल्नेछ । ज्ञानमा वृद्धि पनि हुनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार पनि आउन सक्छ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । मन मिल्ने प्यारो साथीसँग भेट होला । नयाँ काम सुरु गर्ने मौका छ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । शुभकार्यको चर्चा चल्नेछ । धर्मकर्ममा मन जानेछ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । नयाँ कामको थालनी होला । मान प्रतिष्ठामा वृद्धि होला । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

## संक्षेप समाचार

### मजदूरको मृत्यु

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका महेन्द्रनगरस्थित एभरेष्ट पेपर मिलमा एक मजदूरको मृत्यु भएको छ ।
मिलको बेल्ट अल्झिएर कार्यरत मजदूर क्षिरेश्वरनाथ नगरपालिका-९ औराहा बस्ने ३७ वर्षीय गौरीप्रसाद श्रेष्ठको मृत्यु भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ । शनिबार बिहान १० बजे पेपर मिलमा परालको भुसा ओसार्ने क्रममा मेसिनको बेल्टमा अल्झिएर उनको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक बेचन यादवले जनाएको छ ।
घटनास्थलमा प्रहरी टोलि पुगेर मुचुल्का उठाई मृतकको शव परीक्षणका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको उनले जानकारी दिए ।मृतकको परिवार र मजदुरहरु तत्कालै क्षतिपूर्तिको माग गर्दै धर्ना दिएका छन् ।

### दुई भरुवा बन्दुक बरामद

सिरहा प्रहरीले बेवारिसे अवस्थामा रहेको दुई थान भरुवा बन्दुक बरामद गरेको छ । विशेष सूचनाको आधारमा पुगेका सादा पोसाकका सुरक्षाकर्मीले जिल्लाको मिर्चैया नगपालिका ९ कमलदहनजिकबाट दुई थान भरुवा बन्दुक बरामद गरेको हो ।
बन्दुक लिएर घुमिरहेको भन्ने विशेष सूचनाको आधारमा पुगेका सादा पोसाकका सुरक्षाकर्मीलाई देखेर बन्दुक फालेर भागेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डीएसपी हरिप्रसाद वलीले जनाएको छन् । बन्दुक फालेर भागेकाहरुको खोजी कार्य भईरहेको प्रहरीले जनाए । त्यस विषयमा थप अनुसन्धान भईरहेको प्रहरीको भनाई छ । त्यसैगरि मिर्चैया बजारबाटै मङ्सिर १ गते सुरक्षा बेश क्याम्प मिर्चैयाबाट गएको मोबाइल गस्ती टोलीले १ थान पेस्तोलसहित दुई युवकलाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा मिर्चैया नगरपालिका ६ बाट जिल्लाकै नवराजपुर गापा ५ का २९ वर्षिय प्रेम शर्मा र सोही गापा ३ का २७ वर्षिय आनन्द कुमार रामलाई प्रहरीले हतियार सहित पक्राउ गरेको थियो । भारतीय सिमावर्ती क्षेत्र दक्षिणबाट उत्तरतर्फ गईरहेको नम्बर मेटिएको होण्डा साइन मोटरसाईकल मिर्चैया-कटारी सडक खण्डको होलिडे होटल अगाडी चेकजाँच गर्दा उनीहरुको साथबाट १ थान पेस्तोल फेला परेको सशस्त्र प्रहरी इन्सपेक्टर संजित मानन्धरले जनाएको छ । बरामद सामग्री सहित दुवै जनालाई आवशयक अनुसन्धान तथा कार्वाहीको लागि तत्काल इलाका प्रहरी कर्यालय मिर्चैयालाई बुझाएको इन्सपेक्टर मानन्धरले बताए ।

### ढुक्क भएर मतदान गर्न आग्रह

रौतहटका मतदान केन्द्रहरुमा बुथ बनाउन काम सम्पन्न भएको छ । आईतवार विहान ७ बजे देखि सुरु हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको लागि मतदान केन्द्रहरु तयार गरिएको हो ।
नेपाल प्रहरी, सशस्त्रप्रहरी र नेपाली सेनाको संयुक्त सुरक्षा गस्ती टोलीले नियमित रुपमा गस्ती गरिरहेको हुँदा शान्तिपूर्वक भयमुक्त भएर विहानैदेखि मतदान केन्द्रमा पुगेर आआफ्नो मताधिकारको प्रयोग गर्न प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले आग्रह गरेका छन् ।
जिल्लामा २ सय ७६ स्थायी र दुई अस्थायी मतदान स्थल छन् । त्यस्तै ५ सय २३ मतदान केन्द्र छन् । तीमध्ये १ सय ४९ मतदानस्थल अतिसंवेदनशील र १ सय १ संवेदनशील सूचीमा छन् ।

### माछा बाँड्ने पक्राउ

आचारसंहिता विपरीत मतदाताको घरघरमा बाड्नकालागि ल्याएका दुई बोरा माछा प्रहरीले बरामद गरेको छ ।
रौतहटको मौलापुर नगरपालिका ३ गम्हरियाबाट प्रहरीको संयुक्त टोलीले दुई बोरा माछा बरामद गरेको हो ।
स्थानीय गंगाराम साहले घरघरमा वितरण तथा भोजको लागि ल्याएको माछा मध्ये प्रहरीले दुई बोरा करिव ४० केजी माछा बरामद गरेको हो ।



जनकपुरधाम पशुसेवा कार्यालयको मतदान केन्द्र तस्विर: मधेशदृष्टि

## मतदाता शिक्षा प्रभावकारी नहुँदा मत बदर हुने सम्भावना

मधेशदृष्टि
वीरगंज, मंसिर ३
आइतवार हुने निर्वाचनका लागि पर्सामा मतदाता शिक्षा कार्यक्रम प्रभावकारी नभएको देखिएको छ । विगत झैँ यसपटकको प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा मत बदरको संख्या बढ्न सक्ने अनुमान गरिएको छ । निर्वाचनको समयमा मतदाता शिक्षा कार्यक्रम बहसको विषय बनेपनि यसलाई सशक्त ढंगले अगाडी बढाउनेतर्फ निर्वाचन आयोग सधैं चुकिरहेको छ । गत वैशाख ३० गतेको स्थानीय तहको निर्वाचनमा सबैभन्दा बढी मत बदर पर्साको वीरगंज महानगरपालिकामा भएको थियो । गठबन्धनकै कारण मतदाताहरु अलमलमा परेका कारण आफ्नो मनपर्ने उम्मेदवारलाई मत दिदा समेत मतदान कसरी गर्ने




भन्ने शिक्षाको अभावका कारण मत बदर बढी भएको थियो ।
यसपटकको निर्वाचनमा समेत दुई गठबन्धन मैदानमा उत्रिएका छन् । यसकारण पनि मत बदरको संख्या बढ्न सक्ने अनुमान गरिएको छ । निर्वाचन आयोगले मत बदरको संख्या घटाउन मतदाता शिक्षाका लागि ५० करोड रुपैया खर्च गर्ने जनाएको छ । तर पटक-पटकको निर्वाचनमा करोडौ रुपैया खर्चेपनि मत बदरको संख्या उकालो लाग्दै गएको छ । पर्सामा यसअघीको स्थानीय तहको निर्वाचनमा दल तथा स्वतन्त्र उम्मेदवारहरुले प्रचारप्रसार गर्नुका साथै मतदाताको घरदैलोमा मतदान गर्न कसरी गर्ने विषयमा जानकारी समेत गराउने गरेको थियो । तर यसपटक उम्मेदवारहरुले मतदाताहरुलाई आफ्नो चुनाव चिन्हमा मत हाल्न आग्रह गरेपनि कसरी हाल्ने सम्बन्धमा जानकारी दिएका छैन्न । निर्वाचनका आयोगले कलर ब्याक ट्युन र सामाजिक संजालको सदुपयोग गरी मतदाता शिक्षा कार्यक्रम गरेका छन् । तर प्रविधिको सहज पहुच नभएका ग्रामीण क्षेत्रका मतदाताहरुले आयोगको उक्त कार्यक्रमबाट बञ्चित भएका छन् । यता पर्साको जिल्ला निर्वाचन अधिकृत रंजिता झाले यसपटक मतबदरको संख्यामा कमी आउने दाबी गरेका छन् । उनले यसपटकको मतपत्र छोटो भएको र मतदाताहरुलाई आफ्नो मनपर्ने उम्मेदवारलाई छान्न सहज हुने भन्दै मत बदर कमी हुने बताईन् । उनले महिला स्वयंसेविकाहरुले गाउँगाउँमा मतदाताहरुलाई मतदान गर्ने शिक्षा प्रदान गरेको बताए ।

## गलत प्रचार गरेकामा आपत्ति

निर्वाचनको अन्तिम घडीमा आम मतदातामा अन्योल सिर्जना गर्ने गरी गलत प्रचार गरिएको भन्दै नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले आपत्ति प्रकट गरेका छन् । निर्वाचनको अन्तिम घडीमा मतदातामा अन्योल सिर्जना हुने गरी रचिएको भ्रमपूर्ण षड्यन्त्रले एकथरी तत्वको राजनीतिक पराजयको मानसिकता पुष्टि गरेको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेल र माओवादी केन्द्रका केन्द्रीय कार्यालयका मुख्यसचिव श्रीराम ढकालले संयुक्तरुपमा जारी गरेको विज्ञप्तिमा उल्लेख





छ । कांग्रेस, माओवादी केन्द्रलगायत पाँच दल लोकतान्त्रिक वाम गठबन्धनप्रति पूर्ण प्रतिबद्ध छन् र गठबन्धनमा कोही कसैकाप्रति घात हुने कल्पनासमेत गर्दैनन, संयुक्त विज्ञप्तिमा भनिएको छ, भ्रमपूर्ण र मिथ्या सूचनामा विश्वास नगर्न हामी आम नागरिकमा आह्वान गर्दछौँ ।गत सूचनाप्रति आपत्ति जनाउँदै सो संयुक्त विज्ञप्तिमा यसलाई निर्वाचन अपराधका रुपमा लिएर कानुनी कारबाहीका लागि निर्वाचन आयोगको ध्यानाकर्षण गराइएको छ । कांग्रेस र माओवादीले अपराधपूर्ण यस काममा संलग्न व्यक्तिको खोजी गरी कानुनी कारबाहीका लागि सरकारसँग माग गरेको छ ।
प्रेस सेन्टरको आपत्ति प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको स्थिर समय (मौन अवधि) चलिरहेको अवधिमा गलत प्रचार गरेको भन्दै प्रेस सेन्टर नेपालले आपत्ति जनाएको छ । प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटाले नेकपा (एमाले)को प्रचार विभाग सदस्य तथा प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतलगायत केहीले स्थापित अनलाइन तथा पत्रिकाका समाचारलाई प्रविधिको दुरुपयोग (सोर्स कोड परिवर्तन) गरी सामाजिक सञ्जालमा शेयर गरेर अफवाह फैलाएको घटनाप्रति ध्यानाकर्षण भएको बताए ।
केही स्थापित सञ्चारमाध्यमका समाचारमा सोर्स कोड परिवर्तन गरी हुँदै नभएको विषयलाई शीर्षक र समाचार बनाई ‘स्क्रीनसट’ गरेर सामाजिक सञ्जालमा पोष्ट गरिएको अध्यक्ष सापकोटाको भनाइ छ । ‘सञ्चारमाध्यममा प्रकाशित समाचारलाई इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोग गरी भ्रम फैलाउनु, सोर्स कोड परिवर्तन गर्नु र त्यसकै ‘स्क्रीनसट’ गरी सामाजिक सञ्जालमा पोष्ट गर्नु साइबर अपराध हो । सम्बन्धित सञ्चारमाध्यमको लोगो र नाम जोडेर बदनाम गर्नु अर्को अपराध हो,’ अध्यक्ष सापकोटाले भने, ‘यस्तो गलतकार्य पत्रकारिताको मूल्यमान्यता र आचारसंहिताको उल्लङ्घन पनि हो ।
आम निर्वाचनको समयमा सञ्चारमाध्यम र पत्रकार संवेदनशील भएर मतदातालाई स्वतन्त्र र भयरहितरुपमा मतदान गर्ने वातावरण बनाउनुपर्ने अवस्थामा पेसागत पत्रकार सङ्गठनको अध्यक्ष भएको व्यक्तिले नै भ्रामक सन्देश फैलाउनु निर्वाचन आचारसंहिताको घोर उल्लङ्घन भएको ठहर गर्दै प्रेस सेन्टरले उक्त घटनालाई गम्भीररुपमा लिई आवश्यक कारबाहीका लागि प्रेस काउन्सिल नेपाल र निर्वाचन आयोगलाई अनुरोध गरेको छ ।
रासस

## मतदान सकिए लगत्तै मतगणना

मधेशदृष्टि
जनकपुर, मंसिर ३
आइतवार बिहानदेखि सुरु हुने प्रतिनिधीसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतदान सकिए लगत्तै मतगणना गरिने जनाइएको छ । मतदान सकिए लगतै धनुषाको चार वटै निर्वाचन क्षेत्रमा सम्बन्धित क्षेत्रमै मतगणना गर्ने गरी तयारी पुरा गरिएको मूख्य निर्वाचन अधिकृतको कार्यालय, धनुषाका प्रमुख ब्रजेश प्याकुरेलले जनाएको छ ।
धनुषाको निर्वाचन क्षेत्र नं. १ को सबैलामा, क्षेत्र नं २ को औरहीमा, क्षेत्र नं ३ को मतगणना जनकपुरधामस्थित महेन्द्रनारायण निधि भवनमा र निर्वाचन क्षेत्र नं ४ को मतगणना क्षिरेश्वरनाथ नपा-४ स्थित जैसीबाबा धर्मशालास्थित निर्वाचन क्षेत्रीय कार्यालयमा मतगणना गरिने उनले जानकारी दिए ।
मतदान सकिएपछि मतपेटिका संकलनगरि मुख्य निर्वाचन अधिकृतसहित क्षेत्रीय निर्वाचन अधिकृतको कार्यालयमा पुगेपछि सर्वदलीय बैठक गरेर राति १० बजेपछि मतगणना कार्य सुरु गर्ने तयारी गरिएको मुख्य निर्वाचन अधिकृत प्याकुलले बताए ।
मतगणना हुने स्थानमा तारजालीले सुरक्षा घेरा लगाइएको छ । मतगणना स्थलमा सिसिटिभी क्यामेरा समेत जडान गरिएको छ । मत परिणाम घोषणाकालागि मतदान स्थलमा माइक तथा स्पिकरको व्यवस्था गरिएको छ ।
मूख्य निर्वाचन अधिकृत प्याकुरेलका अनुसार मतदानको समय विहान ७ बजेदेखि बेलुका ५ बजेसम्म रहेकाले मतदान सम्पन्न भएपछि सुरक्षित तरिकाले सुरक्षाकर्मी र राजनीतिक दल र उम्मेदवार हरुको रोहबरमा मतपेटिका आएसँगै मतगणना सुरु हुनेछ ।
धनुषामा २ लाख ५२ हजार ९१५पुरुष, २ लाख २१ हजार ६६५ महिला र अन्य७ गरी कूल ४ लाख७४ हजार ५८७ मतदाता रहेका छन् ।

## कांग्रेस उपसभापति पालसहित ३ जना कारबाही

मधेशदृष्टि
बारा, मंसिर ३
बारा-४ मा सत्ता गठबन्धन उम्मेदवारविरुद्ध गलत प्रचारबाजी गरेको भन्दै नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिले बारा जिल्ला उपसभापतिसहित ३ जनालाई अनुशासनको कारबाही गरेको छ । केन्द्रीय अनुशासन समितिले शनिवार विज्ञप्ती जारी गरेर जिल्ला उपसभापति अमिरीलाल राउत भेडियार (पाल), क्षेत्रीय प्रतिनिधि सुशील ढोडारी र जिल्ला सदस्य हरिप्रसाद थपलियालाई पार्टी सदस्यसमेत नरहने गरी निलम्बन गरेको हो । नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा (३४) बमोजिम उपसभापति पाल, थपलिया र ढोडारीको पार्टी सदस्यसमेत नरहने गरी निलम्बन गर्ने निर्णय गरेको हो । बारा ४ मा सत्ता गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्यमा कृष्णकुमार श्रेष्ठ (किसान) र प्रदेशसभा सदस्य तर्फ क्षेत्रबहादुर श्रेष्ठ (अनिल) र जितेन्द्र सोनल हुन् ।नेपाली कांग्रेस बारा निर्वाचन क्षेत्र नं ४ का क्षेत्रीय सभापति सुनिल गुप्ताले पार्टीको नीति विपरित सत्ता गठबन्धनका उम्मेदवार विरुद्धमा गतिविधि गरेकाले पार्टीको अनुशासन विभागले कारवाही गरेको बताए । क्षेत्रीय सभापति गुप्ताले गठबन्धनका उम्मेदवारहरुको जित नै नेपाली कांग्रेसको जित भएकोले गठबन्धन दलका उम्मेदवार जिताउन सबैलाई आग्रह गरेका छन् ।


नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल
नेपाली कांग्रेस
केन्द्रीय अनुशासन समिति
मंसिर ३, २०७९
प्रेस विज्ञप्ति
मिति २०७९ मंसिर ४ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा बारा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ४ का लोकतान्त्रिक वाम गठबन्धनका आधिकारिक उम्मेदवार कृष्णकुमार श्रेष्ठ (किसान श्रेष्ठ) विरुद्धको प्रचार प्रसारमा संलग्न भएको भनी देहायका व्यक्तिहरुको सम्बन्धमा उजुरी प्राप्त भएकाले **नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा (३४)** बमोजिम केन्द्रीय अनुशासन समितिले पार्टी सदस्यता समेत नरहने गरी निलम्बन गरेको छ ।
जय नेपाल !
आनन्द प्रसाद ढुंगाना
संयोजक
निलम्बन गरिएका व्यक्तिहरु
१. अमिरीलाल राउत भेडियर (पाल), ने.कां. जिल्ला उपसभापति (विश्रामपुर गा.पा. वडा नं. ३)।
२. हरिप्रसाद थपलिया, जिल्ला सदस्य (जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २)
३. सुशील ढोडारी, क्षेत्रीय प्रतिनिधि, (जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ३)
E-mail: info@nepalicongress.org, Internet Access: www.nepalicongress.org



सम्पादकीय

## मतदान नागरिक कर्तव्य

नेपालको राजनीतिक इतिहासमा २०७९ मंसिर चार राजनीतिक महत्वको दिन हो । यसै दिन मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछिको दोश्रो आम निर्वाचन हुदैंछ । लोकतान्त्रिक परिपाटीमा आवधीक निर्वाचनको महत्व रहन्छ। हाम्रो संविधानमा प्रत्येक ५, ५ वर्षमा निर्वाचन हुने व्यवस्था छ । जनताले बनाएको संविधान २०७२ पछि हुन लागेको यो दोश्रो आम चुनावले लोकतन्त्रको स्थायित्व, संघीय प्रणालीको प्रवद्धन गर्ने अपेक्षा गर्न सकिन्छ। सतहमा कुनै राजनीतिक व्यवस्था निर्वाचनमा उम्मेवार बनेको हुँदैन । तर, प्रकारान्तमा जनताबाट चुनिएका प्रतिनिधीहरुनै राजनीतिक प्रणालीका अवयव बन्नै हुन् । राजनीतिक प्रणाली राम्रोसँग संचालन हुनसक्यो भने व्यवस्थाको जग बलियो हुँदै जान्छ र राजनीतिले अपेक्षाकृत फल पनि दिन्छ ।

लोकतन्त्रमा जनताबाट चुनिएर गएका प्रतिनिधीहरुले सरकार चलाउने हो । संसद संचालन गर्ने हो । तसर्थ, सरकार र संसद दुबैमा जनताको प्रनिनिधीत्व भइरहेको हुन्छ । प्रत्यक्ष, परोक्षरुपमा आम जनता सरकार,संसदसँग संलग्न भइरहेका हुन्छन् । त्यसैले प्रतिनिधी छनौट गर्दा आममतदाता जागरुक हुनुपर्दछ जागृत हुनुपर्दछ । राजनीतिक प्रणालीलाई लिकमा ल्याउँने,लिकमा हिडाउने जिम्मेवारी आम जनताको हो । जनताले निर्देशन दिने भनेकै आम निर्वाचन हो । त्यसैले निर्वाचन अवसर हो, मुलुकका लागि योगदान गर्ने माध्यम हो ।र, हरेक नागरिकको कर्तत्व हो मतदान गर्ने ।

नागरिकको प्रतिनिधीत्व गर्ने दलहरुको छवि राम्रो छैन । वितेको ५ वर्षमा अपेक्षा गरेजस्तो काम भएनन् । राजनीतिक स्थायित्व भएन, विकास र सम्वृद्धिका कुरा पनि नारामा सीमित बने । तर पनि तिनै राजनीतिक दल फेरी जनता समक्ष आएका छन् । कतिपयले आफ्ना कमीकमजोरी खुलासा गरेका छन् कतिपय मौन छन् । त्यै पनि दल र नेताहरुले काम गर्ने प्रतिवद्धता दोहोऱ्याएका छन् ।

एउटा राजनीतिक व्यवस्थाका लागि ८, १० वर्ष लामो समय होइन । हमी नेपालीहरु चाडचाडै राजनीतिक व्यवस्था परिवर्तन गर्न उत्सुक हुन्छौं । भैरहेको व्यवस्थालाई कसरी बलियो, प्रभावकारी बनाउने त्यसतर्फ त्यति धेरै चिन्तन, मनन् हुने गरेको देखिदैंन ।आलोचनात्मक, प्रतिक्रियात्मक दृष्टिकोणबाट प्रभावित हुने ग्रसित हुने गरेका छौं । अहिले चुनावी मैदानमा संघीय राजनीतिक प्रणालीका लागि बलिदान गर्नेहरु पनि छन् । र, यो व्यवस्थालाई पुरै उल्टाउनुपर्दछ भन्नेहरु पनि छन् । संघीयताका पक्षपाती र विरोधी सबै आम निर्वाचनमा होमिएका छन् । ति दुबै थरी मध्ये संघीय राजनीतिक प्रणालीलाई माया गर्नेहरुलाई चुनौं । लोकतन्त्रको सुन्दर अभ्यास यहीँ हो । आम निर्वाचनहरु प्रमुख लोकतान्त्रिक अभ्यास हुन् । लोकतान्त्रिक अभ्यासकै क्रममा यसका फोहरहरु किनारा लाग्दै जान्छन् र मुल तत्व अगाडी बढ्दै जानेहुन्छ । २०७२ को संविधानको मुख्य विशेषतो संघीय राजनीतिक प्रणाली हो ।

संघीय प्रणाली पहिचानको राजनीतिक मागलाई सम्बोधन गर्ने क्रममा लागु भएको हो । अहिले हामी दोश्रो आम निर्वाचन गर्दछौं, आशा गरौ पहिलो आम निर्वाचनको तुलनामा मुलुक र जनता प्रति अलिक बढी जिम्मेवारी भएका मानिस चुनिने छन् । संसदको निर्वाचन अघी स्थानिय तहको निर्वाचन सम्पन्न भएको छ । दोश्रो पटक चुनिएका स्थानिय तहहरु विगतको तुलनामा प्रभावकारी हुने देखिदैंछ । त्यस्तै अवस्था प्रतिनिधीसभा सभा तथा प्रदेशसभा हुनसक्ने संकेत देखिदैंछ ।

निश्चय पनि प्रमुख राजनीतिक पार्टीहरुले जनता रिझाउने काम गर्न सकेनन्। सरकारको जिम्मेवारीमा बसेकाहरु सदाचारी हुन सकेनन् । नातवाद, गोतावाद राजनीतिको नाममा प्रवल बन्यो । तर, काम राजनीतिक प्रणालीले गरेको होइन । राजनीतिक पात्रहरुले गरेका हुन् । पात्र र प्रणाली छुट्याउन आवश्यक छ । अहिले पनि पुरानै राजनीतिक दल मैदानमा छन् । केही नयाँ दलहरु र ठूलो संख्यामा स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन् । त्यसैले मतदातामा अन्यौल हुनसक्छ । तर, मतदाता सामु धेरै विकल्प छैनन् । मतदान गर्दा लोकतान्त्रिक पद्धतीलाई योगदान गर्नेहरुलाई रोजौं । संसदीय राजनीतिमा राजनीतिक दलहरुको महत्वपूर्ण भूमिमा हुन्छ ।

राजनीतिक पार्टीहरुलाई प्रभावकारी, जनताप्रती जवाफदेही, जिम्मेवार बनाउन सकियो भने राजनीतिक प्रणाली राम्रोसँग चल्ने आधार बन्दछ । त्यसैले आफ्ना मान्छे, नातागोता, इष्टमित्र, जातपात केही नभनौ दुई मध्ये एउटा गठबन्धनलाई रोजौं । लोकतन्त्र संस्थागत गर्न भूमिका खेलौं,मतदान गरेर नागरिक कर्तव्य निर्वाह गरौं ।

कबीरा खडा बाजार

# जनता स्वयका लागि मतदान



- चन्द्रकिशोर

वीरगंजको ह्यदयस्थली घंटाघरमा शनिवार बिहान ईरिक्शा चलाउदै गरेका विजय पटेल भेटिए । उनलाई सोधे आज त्यति साह्रो यात्री छैन । उनले भोजपुरीमा जवाफ

फर्काए, सहरबाट गाँऊ देहात मतदान गर्न झरे। जो गाँऊमै छन् तीनीहरू आपद नपरि शहर आंउदैनन् । कुरा अगाडि बढाउँदै मैले सोधे - तपाई मतदान किन गर्नु हुन्छ ? प्लस टू सम्म पढेका विजयले भने ‘यदि म मतदान गर्दिन भने म राज्यका लागि मरे तुल्य हुन्छु । बातचीत हुँदैं गर्दा मैले निष्कर्ष निकाले कि सामाजिक आर्थिक

रूपमा कमजोर नागरिक यसकारण मतदान गर्न सकेसम्म छुटाउँदैनन् कि राज्यसँग जोडिने प्रक्रिया यहि हो भन्ने बुझाई फैलिदै गएको छ ।

जो मुलुक बाहिर रोजगारीका लागि गएका छन् तिनीहरू यसपटक फर्केका छैनन, तर जो देशभित्र नै छन् तिनीहरू आफु मतदाता रहेको थलोमा पुग्दा रहेछन् । मतदानका दिन पनि लामो समय लगाएर मत खसाल्छन् । यस्ता वर्ग यसकारण मतदान गर्छन कि उम्मेदवारहरू कमसेकम मत माग्न घरदैलोमा आउँछन् । यदि तीनीहरूले मतदान गरेन भने प्रतिनिधि बन्न चाहनेहरू उनीहरू समक्ष आईपुग्दैन । यसरी नेताजी आई दिएन भने आफ्ना मनका बह कहाँ पोख्ने ? यसैगरि मतदाता र प्रत्यासी बिचको संवादले प्रतिनिधि बन्न चाहनेहरूलाई थोरै भएपनि उत्तरदायित्वको बोध गराउँछ भन्ने समझ भूईतहमा पुगेको छ । मतदान प्रक्रियामा भाग लिनु पर्ने रहेछ । जो मतदान दिन योग्य छन् तिनीहरू आफु मतदाता भएकोमा गर्व गर्नु पर्दो रहेछ ।

चुनाव वा निर्वाचन लोकतंत्रको महत्वपूर्ण प्रक्रिया हो , जसद्वारा जनताले आफ्नो प्रतिनिधिको छनौट गर्छन् । निर्वाचन मार्फत नै नेपालमा बहुतहको सरकार अर्थात संघ, प्रदेश र स्थानीय सरकारको गठन सम्भव हुन्छ ।

नेपाली समाजमा निर्वाचनको व्यापकता गहिरिदै गएको छ । निर्वाचन द्वारा हुने अहिंसात्मक परिवर्तन बारे आम मानिस अवगत हुन थालेको छ। अब त्यो समय रहेन जब सामान्य जनको बुझाई हुन्थ्यो , कोऊ होऊ नृप हमैं का हानी । अर्थात कोई शासक भए पनि मलाई के मतलब ? आवधिक निर्वाचनको क्रमले जनसाधारणमा आफ्नो एक मतको महत्व बोध भएको छ। त्यसैले उनीहरू मतदान गर्न उत्सुक छन् ।

दक्षिण एशियामा नेपालको लोकतंत्रको आफ्नै विशेषता छ । यहांका सचेत मतदाताको विवेकपूर्ण अभ्यासलाई सूक्ष्म नजरले नियाल्नेहरू भन्छन कि नेपाली मतदाताको परिपक्व दृष्टिकोणलाई तारिफ गर्नै पर्छ । कतिखेर मत मार्फत के निर्देश गर्नुपर्ने हो त्यो मत मार्फत बड़ो सटिक एवं संतुलित ढंगले अभिव्यक्त हुंदै आएको छ । नीर क्षीर

विवेकको सामर्थ्य विकास आम मतदातामा आवधिक निर्वाचनबाट नै प्राप्त भएको हो ।

भारतका प्रथम प्रधानमंत्री जवाहरलाल नेहरूले भनेका थिए , लोकतंत्रमा चुनाव राजनीतिक शिक्षा दिने विश्वविद्यालय हो । अमेरिकाका विश्व प्रसिद्ध राष्ट्रपति अब्राहम लिंकनका शब्दमा लोकतंत्रको अर्थ जनताका लागि जनता द्वारा जनताको शासन हो। यसप्रकार लोकतंत्रमा लोकनिष्ठा र लोक भावनाको समावेश हुन्छ ।यस्तोमा निर्वाचनको महत्व सर्वप्रथम एवं सर्वाधिक हुन आउँछ । यसबाट लोक कल्याण प्रकट हुन्छ।

लोकतंत्र अर्थात जनप्रतिनिधिमूलक लोकतत्र एउटा यस्तो तंत्र हो जसमा जनकल्याणको भावनाले सबै कार्य सम्पन्न गरिन्छ ।

कस्तो मतदान हुन्छ ? मतदाता कुन अवस्थामा मतदान गर्छन ? मतदातामाथि कुनै दवाव वा प्रलोभन त थिएन ? मतदान केंद्रमा कस्तो व्यवस्था छ ? यसबाट नै कस्तो प्रतिनिधि चुनिन्छ भन्ने तय हुन्छ । लोकतंत्रमा सबैको भावनाको कदर हुन्छ र सबैले आफ्नो भावनालाई स्वतन्त्र रूपले प्रकट पनि गर्न पाउँछन । संविधान २०७२को प्रस्तावना मै भनिएको छ, हामी नेपाली हौं । यो हामी नेपालीको परिकल्पना भित्र नेपालका सबै बासिन्दा पर्छन । धनी गरीब, कथित उंच नीच , शहरिया गांउले , सबैपर्छन । सबै नेपालवासी समान भएको र आफ्नो साझा भविष्य छनौट गर्न एक दिनको अवसर पाएको अवस्था भनेकै निर्वाचनको दिन हो । आवधिक निर्वाचनले लोकतंत्रलाई स्थीर बनाएको छ ।

हो यसपटक पनि भूईतहका मुद्दाहरू चुनावी एजेण्डा बन्न सकेन । आम सरोकार बारे खासै सुनिएन। के उम्मीदवारहरु आम मान्छेको सरोकार प्रति उदासीनता वा अनभिज्ञता देखाएकै हो ?वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तन, महिला हिंसा न्यूनीकरण, सहरी कृषि, रित्तो हुंदै गएको गांऊ, पलायन, पानीको

संकट, चुरेको दोहन लगायत जनतासँग प्रत्यक्ष जोडिएका मुद्दामा बहस हुन सकेन ? तपाईको दैलौमा मत माग्न कोही आयो कि आएन ? तपाईको मतबाट यस अघि जितेर गएकाहरूले फेरि

तपाईतिर फर्किएन ? उसले पाएको संसदीय कोष आफ्नै आसेपासेमा खर्च ग-यो ? के जो जहाँ जीतेर गए त्यहां त्यसको गरिमा राखेन ? तपाईलाई यस्तो कुराहरूले क्रोधित तुल्याएको छ । यसरी उत्पन्न रिस पोख्ने ठाँऊ पनि मतपेटिका हो ।

तपाई आफुखुशी स्वैच्छिक निर्णय मतदान मार्फत पोख्न सक्नु हुन्छ ।यो मतदान दिने दिन

लोकतंत्रलाई लोकतांत्रिक प्रक्रिया मार्फत शुध्दिकरण गर्ने दिन हो । यो राजनीतिकर्मीलाई जनतामा सार्वभौम सत्ता अन्तरनिहित रहेको साक्षात गराउने दिन हो ।तसर्थ तपाई मतदान गर्न जानुस । आफ्नो पालोको प्रतिक्षा स्वयं गर्नुहोस्। लोकतंत्र भनेको आफ्नो हिस्साको आर्जन गर्ने र आफ्नो पालोको प्रतिक्षा गर्नु हो ।

मतदान मार्फत तपाई केवल आफ्नो लागि प्रतिनिधिको छनौट गर्दै गरेको होईन । तपाईमाथि शासन गर्न कसले कानून बनाउनेछ त्यसको पहिचान गर्ने दिन समेत मतदानको दिन हो । आज अल्छि गरेर घर बस्नु भयो , ताश खेलेर बिताउनु भयो भने आउने पांच वर्ष तपाईको बित्थामा बित्नेछ ।

एउटा मैले मत न खसालेर के हुन्छ ? बांकी अरू त निर्वाचनमा सहभागी भई हाल्छन नै भनेर सोच्नु भयो भने त्यों आफ्नै खुट्टामा आफै बन्चरो हाने सरह हुन्छ । एउटा तपाई मतदान गर्न नजानुको सोझो अर्थ तपाई आफुमा अन्तरनिहित रहेको प्रतिनिधि छान्ने अधिकारको अवमूल्यन त गर्नु भयो नैसँगै तपाई मतदान केंद्रमा पुगेर हुनसक्ने नागरिक निगरानीको भुमिकाबाट पनि

आफुलाई अलग राखे सरह हुन्छ । तपाई मतदान केंद्रमा नपुग्दैमा अरू कसैले तपाईको नाममा फ़र्जी मत खसाल्न सक्ने संभावना रहन्छ । निर्वाचनका दिन मतदान अधिकृत र मतदान स्थलमा तैनाथ सुरक्षाकर्मी सहितका कर्मचारीबाट हुनसक्ने आचार संहिता विपरीतका गतिविधि निगरानी गर्ने जिम्मेदारी प्रत्येक सचेत मतदाताको हो ।

तपाई मतदान केंद्र पुग्नु भएन भने यस्ता अवांक्षित गतिविधि रोक्न तपाईको भूमिका देखिएन भने सोझै ठहर हुन्छ । मत कति प्रतिशत खस्यो ? कुन क्षेत्रका मतदाता कति संख्यामा सहभागी भए ? महिलाहरूको उपस्थिति कस्तो छ ? दलित, गरिब , भूमिहीन, पिछडिएका जातिकाहरु कतिको संख्यामा मत खसाले ? मत खसाल्न पुग्नेहरू मध्ये कुन पुस्ताका छन , तिनको पनि निर्वाचन विश्लेषणमा अर्थ हुन्छ।

तपाईको अमूल्य मतदानबाट एउटा स्वस्थ मतादेश प्रकट हुन्छ कि मुद्रादेश त्यसको निर्धारण गर्ने दिन आज हो । तराईमा जहाँ त्यहीँ नगद प्रलोभन दिएर मत किन्ने गरिएको सुनिन्छ, तपाईको आंगनमा पनि हिजो अस्ती यसैगरि कोही आएको हुन सक्छ ।

तपाईले आफ्नो अयोग्यता प्रकट गर्नु भयो भने भ्रष्ट र अनैतिक नै मतबाट अनुमोदित हुन्छ , यदि तपाई मतपत्र हातमा लिएर एकपटक आफ्नो र आफ्नो संततिको बर्तमान र भविष्य सम्झिनु भयो भने निश्चित रूपमा तपाईले सही निर्णय गर्न पुग्नु हुन्छ । बेल रोपेर आंप फल्दैन । आँप खान आँप नै रोप्नु हुन्छ ।

नेता वा दललाई गाली गर्न छाड्नुस । तपाई आफु कस्तो स्तरको मतदाता बन्ने त्यो पहिला तय गर्नुस । तपाईको निर्णयमा त्रुटि छ भने तपाई यो व्यवस्थालाई रूग्ण बनाउन त्यतिकै दोषी हो ।

निर्वाचनको दिन भनेको प्रत्येक मतदाताले आफ्नो भूमिका र संदेश लिपिबद्ध गर्ने दिवस हो ।

# निर्वाचन इतिहासमा २०१५ देखी २०७४ सम्म

गोर्खा का राजा पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण भएपछि नेपालमा शाह वंशको शासन सुरु भयो । शाह वंशको शासन २४० वर्षसम्म कायम रह्यो र गणतन्त्र स्थापनापश्चात् अन्त्य भयो । शाह वंशकै शासनकालमा वि.सं १९०३ मा त्यतिबेलाका चतुर भारदार जंगबहादुर राणा प्रधानमन्त्री र श्री ३ भएपछि राजाहरूमा निहित शासन

अधिकार आफ्नो हातमा लिए । राजाहरू नाममात्रका र अधिकारविहिन जस्तै पारिए । प्रधानमन्त्री र श्री ३ को पदलाई पनि रोलक्रममा राखियो र राणाहरूको जहानीया शासन कायम गरियो । तत्पश्चात् एकसय चार वर्षसम्म राणाहरूको हुकुमी शासन चल्यो । तर २००७ को क्रान्तीले राणाहरूको अधिकार समाप्त गरिदियो । नेपालमा प्रजातन्त्रको स्थापना भयो २००७ साल फागुन ७ गतेको घोषणामा राजा त्रिभुवनले मूलकको शासन व्यवस्था जनताबाट निर्वाचित विधान सभाले बनाएको संविधान बमोजिम सञ्चालन हुने कुरा उल्लेख गरे । तर घोषणा अनुसार विधान सभाको निर्वाचन भने भएन । बरू विधान सभाको लागि भनिएको निर्वाचन अन्ततः संसद्को लागि हुने भयो । जस अनुसार वि.सं २०१५साल फागुन ७ गतेदेखि संसद्को लागि निर्वाचन भयो । यो नै नेपालमा बालिग मताधिकारको आधारमा भएको पहिलो आम निर्वाचन थियो ।

राजा महेन्द्रले वि.सं.२०१७ साल पौष १ गते संसदीय व्यवस्थालाई अपदस्थ गरी सोही महिनाको २२ गते पञ्चायती व्यवस्था लागू गरे । दलविहिन पञ्चायत प्रणाली लाग गरियो । यद्यपि मूलकको शासन व्यवस्थाको सञ्चालनमा गाउँ,नगर,जिल्ला,अञ्चल र केन्द्रीय तहको व्यवस्था गरियो । यी तहमा विभिन्न पदाधिकारीको निर्वाचन हुने व्यवस्था पनि गरियो । विभिन्न समयमा गाउँ तहदेखि जिल्ला, अञ्चल हुँदै केन्द्रीय स्तरसम्मका पञ्चायती एकाइका निर्वाचन हुन थाले । तर नेपालको संविधान,२०१९ को तेस्रो संशोधनपूर्वसम्म स्थानीय निकाय र विधायिकाको निर्वाचन अप्रत्यक्ष विधिबाट हुने गरेको पाइन्छ । तेस्रो संशोधनपछि भने बालिग मताधिकारका आधारमा हुने व्यवस्था गरियो ।

पञ्चायत व्यवस्था मूलकमा करिब ३० वर्षसम्म सञ्चालनमा रह्यो ।

पञ्चायती व्यवस्था कायम रहेकै बखत वि.सं. २०३६ सालमा विभिन्न शैक्षिक माग राखी सुरुभएको विद्यार्थी आन्दोलनले राजनीतिक रूप लियो । पञ्चायतका विरुद्ध समाजका विभिन्न क्षेत्र आन्दोलित भए । पञ्चायती व्यवस्थाको विरुद्ध जनलहर उत्पन्न भएपछि तत्कालिन राजा बीरेन्द्रले २०३६ साल जेठ १० गते बहुदलीय व्यवस्था अपनाउने वा सुधारिएको पञ्चायती व्यवस्था कायम राख्ने भन्ने विषयमा जनमत सङ्ग्रह गरिने घोषणा गरे । आन्दोलन मथ्थर भयो । वि.सं. २०३७ साल बैशाख २० गते बालिग मताधिकारको आधारमा जनमत संग्रह सम्पन्न गरियो । जनमतको नतिजा सुधारिएको पञ्चायती

व्यवस्थाको पक्षमा आयो वि.सं. २०३७ सालपौष १ गते संविधानको तेस्रो संशोधन गरी विधायिकाको निर्वाचन बालिग मताधिकारको आधारमा गर्ने लगायतका व्यवस्था गरिए । जनमत संग्रह नेपालको निर्वाचन इतिहासमा एक उल्लेखनीय घटनाको रूपमा रहेको छ । प्रजातन्त्रका आधारभूत चरित्रलाई समेटन नसकेको कारण सुधारिएको पञ्चायती व्यवस्थाले नेपाली जनताको राजनीतिक चाहनालाई पूरा गर्न सकेन । फलतः २०४६ सालमा पञ्चायत व्यवस्थाको विरुद्ध जनआन्दोलन भयो । जनआन्दोलनबाटै २०४६ साल चैत्र २६ गते पञ्चायती व्यवस्थाको अन्त्य भई मूलुकमा प्रजातन्त्रको पुनर्स्थापना भयो । २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान,२०४७ जारी भयो । संविधानले मूलुकमा संवैधानिक राजतन्त्र र संसदीय प्रणालीलाई संस्थागत गऱ्यो । २०४७ सालको राजनीतिक परिवर्तनपछि पनि मूलुकमा राजनीतिक स्थीरता कायम भएन ।

संसदीय व्यवस्थाको पुनर्स्थापनाको डेढ दसकमै पुनः अर्को जनआन्दोलन भयो ।

जनआन्दोलन-२ समेत भनिने २०६२/६३ सालको जनआन्दोलनले देशमा आमूल राजनीतिक परिवर्तन ल्यायो । यसको परिणामस्वरूप जननिर्वाचित प्रतिनिधिहरूबाट मूलुकको संविधान निर्माण गर्न २०६४ साल चैत्र २८ गते बालिग मताधिकारको आधारमा संविधान सभाको निर्वाचन भयो । गठनको दुई वर्षमा संविधान निर्माण गर्ने जिम्मेवारी पाएको भएपनि राजनीतिक दलहरूबीच सहमति हुन सकेन । पटक पटक म्याद थप गरी संविधान निर्माणको प्रयासलाई निरन्तरता दिईए पनि संविधान निर्माण हुन सकेन । सर्वोच्च अदालतको फैसला बमोजिम २०६९ साल जेठ १४ गतेपछि संविधान सभाको म्याद थप समेत हुन सक्ने अवस्था नरहेपछि अन्ततः सोही दिन संविधान सभाको कार्यकाल समाप्त भयो ।

पहिलो संविधान सभाबाट संविधान निर्माणको जिम्मेवारी पूरा हुन नसकेपनि संविधान सभाबाटै संविधान निर्माण गर्ने नेपाली जनताको चाहना मुखरित भइरह्यो । दोस्रो पटक संविधान सभाको निर्वाचन गर्ने मुख्य कार्य जिम्मेवारी सहित बहालवाला प्रधानन्यायाधीशको नेतृत्वमा गैर राजनीतिक व्यक्तिहरू सम्मिलित सरकार गठन भयो । यही सरकारको कार्यकालमा २०७० साल मंसिर ४ गते अर्को संविधान सभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । दोस्रो पटक गठन भएको संविधान सभाले २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गऱ्यो । नेपाली जनताले जननिर्वाचित संविधान सभा मार्फत संविधान प्राप्त गरे ।

यसरी लिच्छवि कालदेखि चल्दै आएको जनप्रतिनिधि छान्ने व्यवस्था मल्ल कालमा आएर पनि केही परिवर्तित रूपमा चल्दै आयो । त्यसपछि राणा प्रधानमन्त्री जुद्ध शमसेरका पालामा स्थानीय जनप्रतिनिधि संस्थाका रूपमा पञ्चायत स्थापना गर्ने पहल भयो र कतिपय स्थानमा पञ्चायत खडा पनि गरिए । यसमा अपनाइएको निर्वाचन प्रणाली अचेल प्रचलित बालिग मताधिकारको आधारमा जस्तो नभई प्रत्येक घरमूलीको उपस्थितिमा तिनले छानेको व्यक्ति मुख्य पञ्च र अन्य पञ्चहरू हुने व्यवस्था गरिएको थियो । यो निर्वाचनको अर्को चाखलाग्दो कुरा के थियो भने मुख्य पञ्चमा स्थानीय जिमिदार वा तालुकदार हुनुपर्ने कुरा अनिवार्य गरिएको थियो । तिनलाई जनप्रतिनिधि मानिएको थियो । तत्काल गरिएको व्यवस्था अनुसार तिनीहरूले जनताको हितमा कार्य गर्नु पर्दथ्यो ।

वि.सं.२००७ को क्रान्तिपश्चात् २०७२ सालसम्म आइपुग्दा अनेकौ दूरगामी महत्वका राजनीतिक परिवर्तनहरू भएका छन् । देशमा स्थानीय निकाय र विधायिकाको निर्वाचनमात्रै नभई राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह र जननिर्वाचित प्रतिनिधिबाट संविधान निर्माण

गर्न दुई दुई पटकसम्म संविधान सभा सदस्यको निर्वाचन समेत सम्पन्न्सम भएका छन् ।

२०७३ अशोज ३ मा संविधान जारी भएपछि नेपालले नयाँ फड्को मार्दै संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ । संघीय लोकतान्त्रिक व्यवस्थामा संघीय, प्रदेश र स्थानीय तह गरी तीनवटा तह छन् । अहिलेसम्म स्थानिय तहमा २०७४ र २०७९ गरेर दुईवटा निर्वाचन सम्पन्न भएका छन् । त्यसैगरी, २०७४मा सम्पन्न प्रदेश, संघीय निर्वाचन पछि दोश्रो पटक २०७९ मंसिर ४ गते दोश्रो पटक आम निर्वाचन हुँदैछ ।संविधान जारी भएका करिव ८ वर्षको अवधिमा दुइदुईवटा निर्वाचन भएका छन् । लोकतन्त्रमा आवधिक निर्वाचनको महत्व रहन्छ । आवधिक निर्वाचन समयमै हुनु लोकतन्त्र संस्थागत हुने पहिलो आधार हो ।

(नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोगको प्रकाशन २०७३ मा आधारित)

# ओरेन्टल सहकारीले हिनामिना गऱ्यो बचतकर्ताको रु १० अर्ब ८३ करोड



काठमाडौँ, ३ मङ्सिर
समस्याग्रस्त एउटै सहकारीले बचतकर्ताको रु १० अर्ब ८३ करोड ८२ लाख ५६ हजार एक सय ७४ हिनामिना गरेको तथ्य फेला परेको छ । सरकारले २०७४ साल कात्तिक २० गते समस्याग्रस्त घोषणा गरेको ओरेन्टल को-अपरेटिभ लिमिटेडले देशभर नौ वटा शाखा खोली रु १० अर्ब भन्दामाथि बचत सङ्कलन गरेर भागेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले जनाएको छ । समितिले सहकारीका बचतकर्ताको साँवा, ब्याज, शेयर र अपार्टमेन्टको समेत गरी रु १० अर्बभन्दा माथि पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको समितिले जनाएको हो । २०७४ सालमा सहकारी मन्त्रिस्तरीय निर्णय गरी ओरेन्टललाई समस्याग्रस्त घोषणा गरिएको थियो ।सरकारले समस्याग्रस्त घोषणा गरेपछि एउटा पत्रमात्र पठाएर अन्य कागजात नदिँदा बचतकर्ताको पैसा फिर्ताका लागि प्रमाण जुटाउन समस्या भएको कार्यालय प्रमुख केशवप्रसाद पौडेलले बताए । ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेपछि सात हजार ६ सय ४६ जनाले पैसा डुबेको भन्दै माग दाबी गरेको पनि उनको भनाइ छ । ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेको केही समयमै सर्वोच्च अदालतमा मुद्दा परेको थियो । सर्वोच्चले २०७६ फागुन ११ गते सहकारीलाई नै बचत फिर्ताको समस्या समाधान गर्न आदेश दिएको थियो । स व ो ि च च क ो आदेशबमोजिम सहकारीका सञ्चालकले समस्या समाधान गर्नेतर्फ ध्यान नदिएपछि सहकारी मन्त्री शशी श्रेष्ठले २०७९ साल असोज ७ गते मन्त्रिस्तरीय निर्णय गरी ओरेन्टललाई दोस्रोपटक समस्याग्रस्त घोषणा गरेका छन । सरकारले दोस्रोपटक समस्याग्रस्त घोषणा गरेपछि ओरेन्टलका पूर्व अध्यक्ष सुधीर बस्नेतलाई बोलाएर समितिले छलफल गरेको थियो । छलफलमा बस्नेतले समस्याग्रस्त घोषणा भएका हिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड र भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड पनि हाम्रै भनेका छन, समितिका कार्यालय प्रमुख पौडेलले भने ।ओरेन्टलका नेपालगञ्ज, पोखरा, दाङ, सुर्खेत, काठमाडौँ, विराटनगर, इटहरी, भक्तपुर र ललितपुरमा गरी नौवटा शाखा कार्यालय स्थापना गरी बचत सङ्कलन गरेको भेटिएको समितिको कार्यालयले जनाएको छ । सरकारले हालसम्म १२ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेको छ ।

सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारी

सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीमा स्ट्यान्डर्ड सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर्ड सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, स्ट्यान्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड, लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड छन् ।यसैगरी प्यासिफक सेभिङ एन्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड, कोहिनुर हिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् । सरकारले घोषणा गरेका समस्याग्रस्त सहकारीको व्यवस्थापन कार्यालयले नै गर्दै आएको जानकारी पनि समितिको सदस्य सचिवसमेत रहनुभएका कार्यालय प्रमख पौडेलले दिए । ओरेन्टलबाहेक अन्य समस्याग्रस्त सहकारीका धेरैजसो बचतकर्तालाई रकम फिर्ता गरिएको समितिले जनाएको छ । बाँकीलाई पनि छिटो बचत फिर्ता गर्न कानूनबमोजिम कारबाहीको चरणमा प्रवेश गर्न बाध्य भएको उनले बताए । समस्याग्रस्त सहकारीमा पैसा फस्नेमा धेरैजसो सेवा निवृत्त कर्मचारी रहेको समितिका शाखा अधिकृत तेजनाथ पोखरेलले बताए । सहकारीको उद्देश्य सदस्य भएर नै कारोबार गर्ने भए पनि पसलमा समेत बचत सङ्कलन गर्ने गर्दा पनि समस्या आउने गरेको उनको भनाइ छ । पसलबाट बचत गर्नेले त्यो सहकारीका विषयमा थप जानकारी पनि नलिने गरेकाले फस्ने गरेका छन् ।सहकारीको सिद्धान्त सदस्य नियन्त्रित प्रणाली भए पनि केही व्यक्तिको सक्रियतामा मात्र यसका गतिविधि चल्दा पैसा फस्ने गरेको छ ।

एउटै पुँजीपतिले पैसा हालेर अरूको बचतमात्र सङ्कलन गर्ने र पैसा जम्मा पारेर हिँड्ने गरेको समितिले फेला पारेको छ ।समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई तिर्ने बुझाउनुपर्ने ऋण र दायित्वको साँवाब्याज बुझाउन कात्तिक २१ गते १५ दिने सूचना जारी गरेको छ ।समितिले पटकपटक सम्पर्क, पत्राचार र राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्दासमेत हालसम्म पनि संस्थालाई तिर्न बुझाउनुपर्ने ऋण र दायित्व बाँकी भएकाले १५ दिने सूचना सार्वजनिक गरिएको कार्यालय प्रमुख पौडेलले राससलाई जानकारी दिए । तिर्नुपर्ने साँवाब्याज १५ दिनभित्र नबुझाउने सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई कानूनबमोजिम कारबाही गरिने कार्यालयले जनाएको छ ।रासस

# मजदुरलाई कामकै पिरलो, छोएन चुनावले



ढोरपाटन, ३ मङ्सिर
गाउँमा काम पाइएन, मेरो परिवार निकै गरिब छ, नेताहरूलाई भोट हालेर हामीलाई रोजगार दिएनन्, त्यही भएर यसपालिको चुनावमा भोट हाल्न गएनौँ, यहाँबाट गाउँ पुग्दा सात हजार खर्च हुन्छ, यति धेरै खर्च गरेर भोट हालेर जिताए पनि नेताहरूले हाम्रो मुखमा फर्किएर हेर्दैनन्, बरु यहाँ काम गरियो भने दुई-चार हजार कमाइ हुन्छ ।

सिन्धुपाल्चोकका २७ वर्षीय भीम पगरी दुई महिनादेखि मध्यपहाडी लोकमार्गको घोँडाबाँधे-गलकोट खण्डमा काम गर्दै आएका छन । गाउँमा कुनै काम नपाएपछि बागलुङ आएका पगरीलाई मङ्सिर ४ मा प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचन हुँदैछ भन्ने थाहा छ ।

तर उनी यसपालि गाउँमा मतदान गर्न जानु भएन । पटक-पटक मतदान गर्दै आएका पगरीले भोट दिएर जिताएका नेताले गरिब, दुःखी र मजदुरका लागि काम गर्न नसक्दा आफूहरू भौँतारिएर काम खोज्दै बागलुङ आउनुपरेको बताउछन ।

मैले अहिलेसम्म तीन-चारपटक भोट हालेर नेताहरूलाई जिताएँ तर, उनीहरूलाई जिताएर हामी गरिब जनताले केही पाएनौँ, नेताले पद पाए, पैसा कमाए, आफू बने, आफ्ना नातागोता र आसेपासेलाई गतिलो बनाए, हामी भोट हालेर जिताउनेले गाउँमा एउटा सामान्य रोजगार पनि पाएनौँ, पगरीले भने , त्यही भएर अहिले गाउँमा भोट हाल्न गएनौँ, नेताज्यूले फोन त गरेका थिए तर यति टाढाबाट हजारौँ खर्च गरेर जानु पर्छ, उता गए खर्च बढ्छ, यहाँ काम गरे थोरै भए पनि कमाइन्छ । काभ्रेका २१ वर्षीय दिपेश मगर पनि पगरीकै समूहमा काम गरिराखेका छन । गाउँमा चुनावी रौनक सुरु भएपछि बागलुङ आएका मगरलाई निर्वाचनबारे कुनै चासो छैन । परिवारमा आर्थिक समस्याका कारण मजदुरीका लागि बागलुङ आएको बताउने मगर दुईपटक मतदान गरेको अनुभव सुनाउछन । नेताका आश्वासनका कारण विदेश जानबाट रोकिनुभएका मगर बाध्यताले बागलुङसम्म आएको बताउछन । म रहरले बागलुङमा काम गर्न आएको होइन, मेरो परिवार निकै गरिब छ, राम्रोसँग खानलाउन पुग्दैन, स्थानीय तहको निर्वाचन आउनुभन्दा केही दिन अगाडि म विदेश जानका लागि तयारी गरेको थिएँ, गाउँका एक जना नेताले म तिमीलाई काम दिलाइदिन्छु भनेर भने , चुनाव जितेको यतिका महिना बितिसक्दा पनि केही काम नपाएपछि म यहाँ आएको हुँ, मगरले भने , विदेश जान लागेको मान्छेलाई यही काम दिलाउने भनेर आशा देखाए, अहिले यति टाढा आएर काम गर्नुपरेको छ, गाउँमा एउटा सामान्य काम मिलाइदिएको भए म किन यहाँ आउनुपर्थ्यो र ?मगरले एक दिन काम नगरे खान नपुग्ने भन्दै मतदान गर्ने चाहना भए पनि धेरै खर्च लाग्ने हुँदा जान नसकेको बताए । चुनावमा भोट हाल्दा राम्रो मान्छेले पनि जित्न सक्ने भन्दै गाउँभन्दा धेरै टाढा हुँदा जान नसकेको उनी बताउछन । मगरले आफूले पहिलोपटक मतदान गर्ने अवसर गुमाएकामा दुःख व्यक्त गरे । म अघिल्लो निर्वाचनमा विदेशमा थिएँ, भोट हाल्न पाइएन, यसपालि पनि चुनाव आयो, गाउँमा बस्न पाइएन, कामका लागि यहाँ आइएको छ, चुनाव भएको बेला नेपालमा बल्ल भएँ, पहिलोपटक भोट हाल्ने अवसर त थियो तर के गर्नु यहाँबाट भोट हाल्न जाँदा हजारौँ रुप्पे (रुपैयाँ) खर्च लाग्छ, त्यो खर्च कसले दिन्छ र मलाई ? उनले भने , भोट हाल्ने मन त थियो तर पाइएन, भोट हालेपछि राम्रो मान्छेले पनि जित्न सक्थे, गाउँ नजिक काम नपाएकै कारण यहाँसम्म आउनुपरेको हो ।रामेछापका २३ वर्षीय दिनेश खत्री पनि दुई महिनादेखि यही सडकखण्डमा ढुङ्गा बोक्ने र गिट्टी, बालुवा मुछ्ने काम गर्दै आएका छन । उनले रामेछापबाट बागलुङसम्म रहरले नभई बाध्यताले आउनुपरेको बताए । उनी गाउँ नजिक रोजगार नपाएपछि दुई महिना अगाडि यहाँ आएको बताउछन । चुनावका लागि गाउँबाट भोट हाल्न नेताहरूको फोन आए पनि वास्तै नगरी काम गरिरहेको खत्रीको भनाइ छ ।खत्रीले भने , हामी रहरले आएका होइनौँ, बाध्यताले आएका हौँ, घरमा स-साना छोराछोरी छन्, काम नगरेसम्म उनीहरूको लालनपालन गर्न समस्या हुन्छ, गाउँ नजिक केही काम पाइएन, अहिले यहाँ बाटोको काम गरिरहेका छौँ, चुनाव आयो भोट हाल्न आउनुपऱ्यो भनेर गाउँबाट फोन आउँछ, भोट हालेर हामीहरूले गाउँमै रोजगार पाउने भए त जान हुन्थ्यो, काम पाइन्नँ, नेताहरूले जिते भने हामीलाई चिन्दैनन्, अहिले हाम्रो भोट मात्रै चिन्छन् ।गाउँबाट दैनिक दर्जन बढी युवा रोजगारीका लागि देश-विदेशमा भौतारिँदा जनप्रतिनिधिले यसतर्फ ध्यान नदिएको उनको गुनासो छ ।

खत्रीले चुनावका बेला रोजगारीका मुद्दालाई नेताहरूले बढी जोड दिए पनि काम भने गर्न नसकेको बताए । उनले भने , नेताले हामीलाई भोटका लागि मात्रै प्रयोग गरिरहेका छन्, हाम्रा लागि कुनै काम गरेका छैनन्, गाउँमा राम्रोसँग विकास पनि हुनसकेको छैन, भाषणमात्रै ठूला-ठूला काम भने गर्दैनन्, दिनदिनै युवाहरू रोजगारीका लागि गाउँ छोडिरहेका छन्, तर जनप्रतिनिधिले भने यसतर्फ ध्यान दिनसकेका छैनन्, चुनावका बेला रोजगारका बारेमा खुब ठूला-ठूला भाषण गर्छन्, चुनाव सकिएपछि कहाँ हराउँछन् पत्तो हुँदैन ।लोकमार्गको घोँडाबाँधेबाट गलकोटको नरेठाँटीसम्म सिन्धुपाल्चोक, काभ्रे र रामछापका दुई सयभन्दा बढी कामदार मतदान गर्न गाउँ फर्किएनन् । अघिल्लो निर्वाचनमा नेताहरूले गरेको बाचा पूरा नगरेपछि निराश भएर यसपालि भोट हाल्न गाउँ नगएको उनीहरू बताउँछन् । रासस

# असिना नपरेपछि सुन्तला उत्पादन वृद्धि



डुम्रे, ३ मङ्सिर
तनहुँमा उत्पादित सुन्तला जिल्ला बाहिरका बजारमा खपत हुने गरेको छ । यस वर्ष तनहुँमा सुन्तला उत्पादन वृद्धि भएको छ । फूल फुल्ने र दाना लागिसकेपछि असिना नपरेकाले उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । गत वर्षको तुलनामा यस वर्ष जिल्लामा सुन्तला उत्पादन वृद्धि भएको छ । तनहुँ सुन्तला उत्पादनमा आत्मनिर्भर पनि छ । यहाँ उत्पादित सुन्तला प्रायःजसो देशका ठूला सहरमा बिक्री वितरण हुन्छ, कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले भने , कहीँ उत्पादन बढेको र कहीँ घटेको अवस्था छ । समग्रमा जिल्लामा सुन्तला उत्पादन वृद्धि भएको छ ।उत्पादनको क्षेत्रफल भने घटेको तर उत्पादन वृद्धि भएको उनी बताउछन । यस वर्ष करिब ३० प्रतिशतले सुन्तला उत्पादन वृद्धि भएको छ । फल्ने क्षेत्रफल घटेको छ, तिवारीले भने । गत वर्ष जिल्लामा एक हजार छ सय ६० हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएको उनले बताए । उनका अनुसार उक्त क्षेत्रफलमा नौ हजार पाँच सय १० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । यस वर्ष फल्ने क्षेत्रफल घटेर एक हजार चार सय ८० हेक्टरमा सुन्तला खेती गरिएको उहाँले बताउनुभयो । उनका अनुसार उक्त क्षेत्रफलमा नौ हजार छ सय मेट्रिक टन सुन्तला उत्पादन भएको छ । जिल्लामा यस वर्ष कुल रु २७ करोडको सुन्तला बिक्री वितरण हुने अपेक्षा गरिएको छ । जिल्लामा उत्पादित सुन्तला काठमाडौँ, पोखरा, नारायणगढलगायतका स्थानमा निर्यात गरिन्छ । सुन्तला निर्यातले जिल्लामा आयस्रोतमा थप सहयोग पुगेको उहाँ बताउछन ।व्यास नगरपालिका-१३ बेनीकोटका किसान खेमबहादुर रानाले यस वर्ष एकतिहाइ सुन्तला उत्पादन वृद्धि भएको बताए । सुन्तलाको दाना ठूला भएकाले ग्राहकले खरिद गर्दा माग गरिएको रकम दिन तयार भएको उनी बताउछन । बेनीकोटमा निरन्तर उत्पादन राम्रो हुने हो । यसपटक अझै बढी उत्पादन भएको छ, किसान रानाले भने । विगतको तुलनामा किसान सचेत भएको उनी बताउछन ।

पहिले मलजल, स्याहारसुसारको कमी हुन्थ्यो । अहिले किसान सचेत भएका छन् । राम्रो उत्पादन लिन सुन्तलाको बोटबिरुवालाई सानैदेखि हेरचाह, स्याहारसुसारसँगै मलजल, पानी समयमा पुऱ्याउनुपर्छ भन्ने बुझ्दै आएका छन, उनले भने । त्यस्तै शुक्लागण्डकी नगरपालिका-११ नाम्सीकोटका किसान जगतबहादुर महतले यस वर्ष करिब रु सात लाख ३० हजारको सुन्तला बिक्री वितरण गरेका छन । यस क्षेत्रमा सुन्तला उत्पादन वृद्धि भएकाले यहाँका किसानले गत वर्ष रु चार/पाँच लाख आम्दानीलाई बढाएर रु सात देखि १० लाखसम्ममा सुन्तलाको बोटबाटै ठेक्कामा बिक्री गरिएको उनी बताउछन । त्यसैगरी देवघाट गाउँपालिका-३ छिपछिपेका किसान पूर्णिमा थापाले देवघाट क्षेत्रमा पनि सुन्तला उत्पादन राम्रो रहेको बताए । पहिलाको वर्षभन्दा यस वर्ष उत्पादन बढ्ने आशा गरेका छौँ । यहाँ उत्पादित सुन्तलाले लोभ्याउनेछ । ठेक्का बिक्री गरेका छौँ । अब केही समयमा यहाँ सुन्तला टिप्न आउनेछन् र लैजान्छन, उनले भने । म्याग्दे गाउँपालिका क्षेत्रमा सुन्तला उत्पादन घटेको छ । यस क्षेत्रमा सुन्तलाका दाना कम लाग्नु, सुन्तलाको बोटमा रोग लाग्दा उत्पादनमा कमी आएको किसान विश्वबहादुर अधिकारी बताउछन । हामीले जिल्लामा समग्र उत्पादन वृद्धि भएको छ भन्ने कृषि ज्ञान केन्द्रमार्फत सूचना पाएका छौँ । तर म्याग्दे गाउँपालिका-४ उमाचोकमा सुन्तला उत्पादन खस्किएको छ, अधिकारीले भने , कृषि ज्ञान केन्द्रको सहयोगमा अध्ययन गरी सुन्तलाको बोटविरुवालाई उचित तत्त्व पुऱ्याउन समन्वय गरिरहेका छौँ । तनहुँका सुन्तला पकेट क्षेत्रमध्ये अधिकांश स्थानमा उत्पादन राम्रो भएको कृषि ज्ञान केन्द्रको अनुमान छ । अनुगमन र अध्ययनका क्रममा केही स्थानमा भने सुन्तला उत्पादन खस्किएको पाइएको केन्द्रले जनाएको छ ।

विगतमा सुन्तला खेती निर्वाहमुखी भएर चलेको थियो । तर हाल किसान सचेत बन्दै गएका छन् । राम्रो उत्पादनका लागि किसानले सुन्तलाका बोटविरुवालाई खाद्यतत्त्व पुऱ्याउनुपर्ने कुरामा सचेत भएको कृषक जगतबहादुर महत बताउछन । मल, जल र खाद्यतत्त्व नै नराखी उत्पादन हुने निर्वाहमुखी खेती मानिएको थियो । अहिले व्यापारिक तवरबाट उत्पादन वृद्धिका लागि मलजल, खाद्यतत्त्व, स्याहारसुसारलगायतलाई प्राथमिकता दिने गरेको पाइएको महत बताउछन । पहिले एक डोको मलसमेत हालिन्थिएन । अहिले चेतनास्तर वृद्धि भएर सुन्तलाको बोटमा एक डोको ठाउँमा दुई डोको प्राङ्गारिक मल हाल्छन् । दुई डोको हाल्ने गरेकोमा चार पुऱ्याएका छन् ।

सुन्तलाको उचित समयमा पोशकतत्त्व हाल्ने गरेका छन् । यसले गर्दा उत्पादन वृद्धि हुँदै गएको हो, उनले भने । ब्लकबाट नै आएको बिरुवा लगाउनु, विरुवालाई पनि मानिसलाई जस्तै हेरचाह र उपयुक्त समयमा खाद्यतत्त्व र भिटामिन हालिएकाले सुन्तला उत्पादन वृद्धि भएको किसान बताउँछन् । मानिसले बालबालिकालाई हुर्काउँदा गरेको हेरचाहजस्तै खेतीबालीलाई पनि हेरचाह गर्न सक्नुपर्ने उनीहरुको भनाइ छ । रासस

# ढुवानी नहुँदा हुम्लाको चामल नेपालगञ्जमा थन्कियो

खजुरा, ३ मङ्सिर
नेपालगञ्जबाट कर्णालीको हिमाली जिल्ला हुम्ला पठाउने चामल नेपालगञ्जमै थन्किएको छ । हवाई मार्गबाट ढुवानीका लागि टेण्डर आह्वान गर्दा मापदण्डअनुसारको बोलपत्र नपरेको र स्थलमार्गबाट ढुवानी गर्न समस्या भएकाले हुम्ला जिल्लामा चामल ढुवानी हुन नसकेको हो । सरकारले यस वर्ष नेपालगञ्जबाट हुम्लामा तीन हजार पाँच सय क्विन्टल चामल पुर्याउने कोटा तोकेको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट पुर्याउने भनिएको उक्त चामल भने ढुवानी हुन नसकी नेपालगञ्जमै थन्किएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगञ्जका प्रमुख रामशरण लामिछानेले बताए । उनका अनुसार सम्झौता गरिएको फर्मले चामल ढुवानी गरेको छैन ।



तीन हजार पाँच सय क्विन्टलमध्ये दुई हजार क्विन्टल चामल हवाई मार्गबाट पुर्याउने लक्ष्य रहेको छ । त्यसका लागि भदौ १ गते खोलिएको टेण्डरमा कुनै पनि हवाई सेवा प्रदायकले मापदण्डअनुसार बोलपत्र नहालेको प्रमुख लामिछानेले जानकारी दिए । त्यसपछि पुनः टेण्डर आह्वान गर्दा प्रक्रियामै धेरै समय लागेको हो । दोस्रोपटक आह्वान गरिएको टेण्डरमा तारा एयरले ढुवानी गर्न पाउने ठेक्का परेको तर सम्झौता गर्न आएको छैन ।सम्झौताका लागि यही मङ्सिर २० गतेसम्मको समय तोकिएको छ ।

हामीले उनीहरूलाई चाँडोभन्दा चाँडो सम्झौताका लागि आउन भनिरहेका छौँ, लामिछानेले भने , हवाई कम्पनीहरूले पछिल्लो समय इन्धनको मूल्य बढेको तर सरकारले ढुवानीका लागि मूल्य नबढाएकोले बढी मूल्य कबोल गरेर बोलपत्र हालेका थिए ।

सडकमार्गबाट एक हजार पाँच सय क्विन्टल चामल ढुवानी गर्ने जिम्मा भने एलबी सप्लायर्स हुम्लाले पाएको छ । तर, सडक मार्ग बिग्रेको भन्दै सप्लायर्सले अझै ढुवानी गरेको छैन । केही महिनाअघि भएको वर्षाले विभिन्न स्थानमा सडक बिग्रिएकाले ढुवानीमा समस्या भएको कम्पनीले जनाएको छ । कार्यालयले निर्वाचनपछि ढुवानी हुने विश्वास लिएको छ ।रासस

# बाला चतुर्दशी मेलाको तयारी अन्तिम चरणमा

काठमाडौँ, ३ मङ्सिर
बाला चतुर्दशीका अवसरमा पशुपति क्षेत्रमा लाग्ने मेलाको तयारी अन्तिम चरणमा पुगेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । यस वर्ष यही मङ्सिर ५ गते पशुपतिनाथमा बाला चतुर्दशी मेला लाग्ने कोषले जनाएको छ । प्रत्येक वर्ष मार्ग शीर्ष कृष्ण त्रयोदशीको बेलुकीदेखि पशुपति क्षेत्रमा यो मेला लाग्ने गर्छ । मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मुख्यदिन मतदानको दिन भएकाले अधिकांश तयारीका काम शनिवारनै गरिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिए ।यस वर्ष मङ्सिर ५ गते पशुपतिनाथलगायत देशभरका शिवालयमा दिवङ्गत पितृका नाममा बत्ती बालिन्छ । मङ्सिर ६ गते बिहान दिवङ्गत पितृको सद्गतिको कामना गर्दै पशुपति क्षेत्रको विशेषगरी मृगस्थलीमा शतबीज छरिन्छ । यसका लागि लाखौँ भक्तजन पशुपति क्षेत्रमा आउने गर्छन् । चतुर्दशीको बिहान शतबीज छर्ने गरिन्छ । कोषले तयारीका लागि पशुपतिनाथको पूर्वी ढोकाअघिको बाग्मतीबाट पारि जान बाँसको अस्थायी पुल निर्माण गरेको छ । यसैगरी शतबीज मार्गमा बत्ती राख्ने काम भने ५ गते बिहानसम्म नै जारी रहने भएको छ । बत्ती राख्ने कामदारलाई पशुपति क्षेत्रमै राखिएको छ । ४ गते मतदान भएकाले आवतजावतमा समस्या हुने कारणले कामदारलाई पशुपति क्षेत्रमै राखेर तयारी गरिएको हो । कोषले पशुपति क्षेत्रमा पर्याप्तमात्रामा धारा र शौचालयको व्यवस्था पनि गर्ने भएको छ । पशुपति क्षेत्रका भष्मेश्वर, बोडेपाटी, बाहिरी पश्चिम ढोकाअघि र राममन्दिरमा धुनी जगाउने व्यवस्था गरेको छ । टेन्डर नभएर रोकिएको सबै दरबन्दीअनुसारको विशेष पूजा पनि आइतबारदेखि गर्ने तयारी भएको प्रवक्ता अधिकारीले सुनाए । यसअघि टेन्डर नभएको समयमा रु दुई हजार एक सय र रु तीन हजार एक सयको मात्र विशेष पूजा भएको थियो । पशुपतिनाथमा रु २५ लाखसम्म रसिद काटेर विशेष पूजा गर्ने व्यवस्था छ । ती सबै दरबन्दी अनुसारका पूजा आइतबारदेखि फेरि सुरु गर्न लागिएको हो ।

# प्रधानमन्त्रीसहित शीर्ष नेताहरूले कहाँबाट गर्दैछन् मतदान



काठमाडौं, ३ मङ्सिर
प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मङ्सिर ४ गते हुने निर्वाचनमा डडेलधुरा गन्यापधुरा गाउँपालिका-१, रुवाखोलास्थित असिग्राम मावि मतदान केन्द्रमा मतदान गर्दै छन । यसका लागि देउवा केही दिनदेखि डडेलधुरामा छन । प्रधानमन्त्री देउवाले बिहान ९ बजे मतदान गर्नुहुने जनाइएको छ । विसं २०४८ देखि लगातार निर्वाचित प्रधानमन्त्री देउवा पुनः सोही निर्वाचन क्षेत्रबाट उम्मेदवार छन । प्रधानमन्त्री देउवाका कानुनविज्ञ अधिवक्ता केशवराज जोशीका अनुसार प्रधानमन्त्री पत्नी डा आरजु राणा देउवाले पनि सोही मतदान केन्द्रबाट मतदान गर्नेछ । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बराह क्षेत्र नगरपालिका-१० प्रकाशपुर स्थित मतदान केन्द्रमा मतदान गर्ने उनका स्वकीय सचिव रामजी थापाले जानकारी दिए। कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका मन्त्री कार्की सुनसरी क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार छन । गृहमन्त्री बालकृष्ण खाणले रुपन्देहीको तिलोत्तमा-८ स्थित ज्योति आधारभूत विद्यालयमा मतदान गर्नेछ । उनी रुपन्देही क्षेत्र ३ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार छन । प्रतिनिधिसभा तथा प्रदेशसभाअन्तर्गत आइतबार हुन गइरहेको निर्वाचनमा प्रमुख दलका सबैजसो शीर्ष नेताले मतदान गर्दै छन ।

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आ-आफ्नो मतदाता नामावली भएको मतदान केन्द्रमा पुगी मतदान गर्नेछ ।

अध्यक्ष दाहाल आफ्नो मताधिकार प्रयोग गर्न शनिवारनै अपराह्न चितवन पुगीसकेको उनका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिए । उनले भरतपुर महानगरपालिका-१४ शिवनगरस्थित मतदान केन्द्रमा मतदान गर्दै छन । एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले गौर नगरपालिका-२ स्थित रामजानकी कन्या प्राथमिक विद्यालय भवनमा मतदान गर्दै छन । सोही पार्टीका नेता झलनाथ खनालले आफैं उम्मेदवार रहेको इलामको सूर्योदय नगरपालिका-९ को राष्ट्रिय निमावि फिक्कल, रामफोक मतदान केन्द्रमा मतदान गर्ने भएको छ । यस्तै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले सर्लाहीको बलरा नगरपालिका-१ मा मतदान गर्नेछ । अध्यक्ष ठाकुर महोत्तरी-३ का प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार छन । जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले विराटनगर-१४ स्थित डिग्री क्याम्पसमा रहेको मतदान केन्द्रमा मतदान गर्दै छन ।

उनी सप्तरी क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार छन । त्यसैगरी कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँको व्यास-२, सत्यवादी माध्यमिक विद्यालयस्थित केन्द्रबाट मतदान गर्दै छन । कांग्रेस महामन्त्री गगनकुमार थापाले काठमाडौं-३०, मैतीदेवी मन्दिर स्थित मतदान केन्द्रमा मतदान गर्दै छन । अर्का महामन्त्री विश्वप्रकाश शर्माले झापाको मेचीनगर नगरपालिका-९ को कविशिरोमणि मतदान केन्द्रमा मतदान गर्नेछ । कांग्रेसका नेता प्रकाशमान सिंहले काठमाडौं-१६ पकनाजोलस्थित नेपाल युवक माविको मतदान केन्द्रमा मतदान गर्नेछ । कांग्रेस नेता शेखर कोइरालाले विराटनगर-७ को आर्दश विद्यालयमा मतदान गर्नेछ । जसपाका सङ्घीय परिषद् अध्यक्ष अशोक राई सुनसरीबाट मतदान गर्दै छन । उनी सुनसरी क्षेत्र नं १ बाट उम्मेदवार बनेका छन ।

जसपाका नेता राजेन्द्र श्रेष्ठले क्षेत्रपाटी ढल्कुस्थित मतदान केन्द्रमा मतदान गर्नेछ । श्रेष्ठ काठमाडौं क्षेत्र नं ७ का उम्मेदवार छन । जसपाका प्रवक्ता मनिस सुमनले राजविराज-३ स्थित केएएमबी माविबाट मतदान गर्दै हुनुहुन्छ । लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले सर्लाही चन्द्रनगर-२ दुर्गा खोभारी जनता उमावि केन्द्रमा मतदान गर्दै छन । महतो सर्लाही क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार छन ।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देल, राप्रपा नेपालका अध्यक्ष कमल थापालगायत नेताले आफ्नै निर्वाचन क्षेत्रको मतदान केन्द्रमा मतदान गर्ने जनाइएको छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेले भक्तपुर दरबार स्क्वायरको विद्यार्थी निकेतन उच्च मावि मतदान केन्द्रबाट मतदान गर्नेछ । माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले गोरखाको सिरानचोक गाउँपालिका-८ जौबारीस्थित मतदान केन्द्रमा मतदान गर्दै छन । पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले गोरखाको पालुङटार नपास्थित अन्नपूर्ण मावि मतदान केन्द्रमा मतदान गर्नेछ । एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पनि काठमाडौं-५ स्थित टोखा-६, स्काइलार्क स्कुल धापासी केन्द्रबाट आफैँलाई मतदान गर्दै छन । यस्तै एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलले बुटवल-८ स्थित पश्चिमाञ्चल डिभिजन सडक कार्यालयमा मतदान गर्दै छन ।

एमाले महासचिव शङ्कर पोखरेलले तुलसीपुर- १९, जनता विद्यापीठ केन्द्र बिजौरीबाट मतदान गर्नेछ । संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङले इलाम-७ बालमन्दिर आधारभूत विद्यालय हाकिमटोलमा मतदान गर्नुहुनेछ । एमाले नेता रामबहादुर थापाले भरतपुर-१० नारायणी नमूना माविमा मतदान गर्नुहुनेछ । अर्का नेता टोपबहादुर रायमाझीले अर्घाखाँचीको सन्धिखर्क-९, अर्घा रजस्थल मावि रासीचौरमा मतदान गर्नेछ । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पर्वतको मोदी गाउँपालिका-७ राम्जास्थित पशुपति माविमा रहेको मतदान केन्द्रमा मतदान गर्नेछ । मन्त्रिपरिषद् का अध्यक्ष खिलराज रेग्मीले मध्यबानेश्वरमा रहेको मतदान केन्द्रमा मतदान गर्नेछ ।

यी नेताले आफैँलाई मतदान गर्न नपाउने केही शीर्ष नेताले आफैं उम्मेदवार रहेको क्षेत्रमा आफैँलाई मतदान गर्दै छन् भने कतिपयले आफ्नो उम्मेदवारी नामावली भएको क्षेत्रभन्दा बाहिर भएकाले आफैँलाई मतदान गर्न पाउने छैनन् । एमाले अध्यक्ष ओली, माओवादी अध्यक्ष प्रचण्ड, कांग्रेस महामन्त्री डा शशाङ्क कोइराला, लोसपाका नेता महन्थ ठाकुर, राजेन्द्र महतो र जसपाका अध्यक्ष उपेन्द्र यादवले आफूले आफैँलाई मतदान गर्न पाउने छैन। मतदाता नामावली आफू उम्मेदवार रहेको क्षेत्रभन्दा फरक रहेकाले पाँच वर्षमा हुने आवधिक निर्वाचनमा समेत केही नेताले आफूले आफैँलाई मतदान गर्न वञ्चित हुनुपरेको छ । यसैबीच प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले लोकन्थलीस्थित युनिक नेपाल एकेडेमी मतदान केन्द्रमा मतदान गर्नेछ ।

त्यसैगरी आयुक्त ईश्वरीप्रसाद पौड्यालले ललितपुरको सानेपास्थित टीका विद्याश्रम माविमा मतदान केन्द्र र अर्का आयुक्त रामप्रसाद भण्डारीले अनामनगर स्थित मिलन विद्यामन्दिर केन्द्रमा मतदान गर्नेछ । आयुक्त डा जानकीकुमारी तुलाधरले सुन्दरबजार नगरपालिका-२ महेन्द्र मन्दिर मावि परेवाडाँडा लमजुङमा र आयुक्त सगुन शमशेर जबराले टोखा नगरपालिका-४ धापासीस्थित फैमालचुली मतदान केन्द्रमा मतदान गर्नेछ ।रासस

## पैसा बाँड्ने र प्रचार..............

छाप बरामद भएपछि उनीहरुलाई पक्राउ गरेर सेनाले नेपाल प्रहरीको जिम्मा लगाएको छ। उनीहरुलाई इलाका प्रहरी कार्यालय पोखरियामा राखिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

स्थिर समय (मौन अवधि) सुरु भएपनि पर्सामा आचारसंहिता विपरीत प्रचारबाजी जारी रहेको छ । आगामी प्रतिनिधि तथा प्रदेशसभाका लागी मौन अवधी लागू भएको दोश्रो दिन सामाजिक संजालमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारका सर्मथकहरुले आफ्ना उम्मदेवारलाई विजयी बनाउन आग्रह गरिरहेका छन् । निर्वाचन आयोगले गत मंसिर १ गते राति १२ बजेदेखि मौन अवधी लागू गरेको थियो । यो अवधीमा कुनै पनि राजनीतिक दल तथा समर्थकहरुलाई उम्मदेवारको प्रचारप्रसार गर्न निषेध गरिएको छ। तर निर्वाचन आयोगको उक्त निर्णयको अवज्ञा गर्दै यतीबेला पर्सा जिल्लामा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुले सामाजिक संजाल फेसबुक, म्यासेन्जर, ह्टस्पमा उम्मेदवारहरुको तस्वीर राख्दै मतदान गर्न आग्रह गरिरहेका छन् । निर्वाचनमा उम्मेदवारका समर्थकहरुले आफ्नो उम्मेदवारलाई मत हाल्न फेसबुकमा स्टेटस लेखेका छन् । साथै दल तथा उम्मेदवारलाई नाम नै तोकी मत दिने भन्दै कमेन्टहरु पनि गरिरहेका छन् ।

आयोगले केहिदिन अघि पत्रकार सम्मेलन गर्दै कुनै पनि सामाजिक संजालमा उम्मेदवारहरुको नाम, तस्वीर नराख्न, कमेन्टहरु नगर्न र आफ्नो फेसबुकबाट उक्त उम्मेदवारहरुको राखिएको तस्वीरहरु हटाउन निर्देशन दिएको थियो। निर्वाचन आयोगले मौन अवधीको अवज्ञा गरे नगरेको निगरानी राख्न जिल्ला स्तरीय आचारसंहिता अनुगमन समीति बनाएपनि यस तफ सम्बन्धीत निकायले चासो नदेखाएको प्रमाणित भएको छ ।

# मतगणना सरल र सहज हुने

काठमाडौं, ३ मंसिर
प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको आइतबार हुने निर्वाचनका लागि तयार गरिएका मतपत्रको आकार सानो भएकाले गणना सरल र सहजरुपमा हुने विश्वास गरिएको छ। स्थानीय तहको निर्वाचनको तुलनामा मतपत्रको प्रकृति र आकार सानो भएकाले मत गणनामा अलमल नहुने काठमाडौं जिल्लाका मुख्य निर्वाचन अधिकृत राजुकुमार खतिवडाले बताए । उनले भने , हरेक निर्वाचन क्षेत्रअनुसार उम्मेदवार सङ्ख्याका आधारमा मतपत्र छपाई भएको छ, त्यसकारण यस पटकको मत गणना स्थानीय तहभन्दा सरल र सहज हुनेछ । स्थानीय तहका लागि तयार गरिएको मतपत्रको आकार ठूलो थियो । निर्वाचन अधिकृतको कार्यालयले आयोगले अनुमान गरेको समयाधिभित्रै सम्पूर्ण नतिजा सार्वजनिक गर्ने तयारी गरिरहेको बताइएको छ ।उम्मेदवारको सङ्ख्या धेरै, एउटै मतपत्रमा सातवटा स्वस्तिक छाप लगाउन पर्ने भएकाले पनि त्यस बेला मतगणना लम्बिएको थियो। यस पटकको निर्वाचनमा बेग्लाबेग्लै चार प्रकारका मतपत्र रहेको र प्रत्येक मतपत्रमा एक-एक स्वस्तिक छाप मात्र लगाउन पर्ने भएकाले पनि गणनामा निकै सहजता हुने अपेक्षा गरिएको छ ।

आयोगले छिटो, छरितो र पारदर्शीरुपमा मतगणना गर्न कार्यका लागि व्यवस्था मिलाउन यसअघि नै निर्देशन दिइएको छ । मतदान प्रक्रिया सकिएलगत्तै मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन र भण्डारण गरिनेछ । त्यसपछि हुने सर्वदलीय र सर्वपक्षीय छलफलपछि सहमतिका आधारमा मतगणना प्रारम्भ हुनेछ । पर्याप्त सुरक्षासहितको मतगणनास्थलमा सुरुमै आवश्यकताअनुसार टोली खटाएर मतगणना प्रारम्भ हुनेछ। गणना टोलीमा चारदेखि पाँच जना कर्मचारी व्यवस्थापन गरी निरन्तर मतगणना हुनेछ । कतिपय निर्वाचन अधिकृतको कार्यालयले मतगणनाको नतिजा एक-एक घन्टामा माइकद्वारा जानकारी गराइने व्यवस्था गरिएको पाइएको छ ।




सबैभन्दा पहिला मतगणना प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र त्यसपछि प्रदेशसभा पनि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको गरिने छ । प्रत्यक्षतर्फको मतगणना सकिएपछि मात्रै समानुपातिकतर्फको मतगणना हुनेछ । यसैबीच, काठमाडौं डिल्लीबजारस्थित विजय स्मारक मतदान केन्द्रका 'क' का मतदान अधिकृत भगवान् उप्रेतीले निर्वाचनका लागि मतदान केन्द्र स्थापनाको तयारी पूरा गरी मतदान गर्न एक जनालाई कति समय लाग्दो रहेछ भनी पूर्वाभ्याससमेत गरेको जानकारी दिए । काठमाडौंका मुख्य निर्वाचन अधिकृत खतिवडाले जिल्लाका सबै १० वटै निर्वाचन क्षेत्रमा निर्वाचनका लागि सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए ।रासस

## कर्मचारी र सुरक्षाकर्मीले कस्ता........

(निर्वाचन अधिकृत)ले दैनिक रु दुई हजार पाँच सय, मतगणनाका लागि एकै समयमा एकभन्दा बढी मतगणना टोली परिचालन गरिएकामा प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत)ले प्रत्येक थप टोलीका लागि पाउने थप रकममा रु एक हजार पाउनेछन् । साथै सहायक मतगणना अधिकारीले प्रतिसिफ्ट दैनिक रु दुई हजार, मतगणना सहायक र कम्प्युटर अपरेटरले प्रतिसिफ्ट रु एक हजार छ सय, र कार्यालय सहयोगीले प्रतिसिफ्ट एक हजार दुई सय पाउनेछन् । मतगणनाका व्यवस्थापन खर्चअन्तर्गत २० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ३० हजार र निर्वाचन अधिकृतको कार्यालयले रु २५ हजार पाउँनेछन्। साथै ५० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ४० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ४० हजार पाउनेछन् । साथै ८० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ५० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ५० हजार पाउनेछन्। साथै ८० हजारभन्दा बढी मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ६० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ६० हजार पाउनेछन् । मतगणना केन्द्र निर्माण खर्चका रुपमा भवन उपलब्ध भएका ठाउँमा सात हजार र भवन उपलब्ध नभएका ठाउँमा रु १५ हजार उपलब्ध गराइन्छ । त्यस्तै मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्चका रुपमा प्रति १५ किलोमिटर रु तीन हजार मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्च दिने व्यवस्था रहेको छ। रासस

## चुनावमा झस्किएका ......................

छ। चुनावमा मात्रै फर्किने र गरिने बाचाहरूले यी परिवारलाई फेरि त्यही समयमा फर्काउने गरेको छ, जतिबेला यिनै नेताहरूको आह्वानमा दिलीप, नितु र सञ्जयजस्ता धेरै युवाले ज्यान गुमाएका थिए । 'पर लैजाऊ यादहरू' आन्दोलनमा गएको छोरो, विभत्स दृश्य र चर्का नारा देखे-सुनेकी आमा रानीमतीलाई त्यस्ता भीडहरूले पुरानो पीडालाई ताजा बनाउने रहेछ । "बिहे व्रतबन्धमा जाँदा त मन भक्कानिन्छ, यो त चुनाव हो, चहलपहल बढ्छ, ठुल्ठूलो स्वरमा नारा घन्किन्छन्", रामनरेशले भने, "छोरोको उमेरका सबै चुनावमा छन्, छोरो बाँचेको भए अरुजस्तै हिँड्थ्यो, चुनावमा लाग्थ्यो । उनीहरूलाई देख्दा छोरोको झल्को आउँछ, सम्हाल्न गाह्रो हुन्छ ।" पाँचवटा सन्तानमध्ये दिलीप रामनरेशका एक्लो छोरा हुन् । दिलीपको सहादतको बेला उहाँ साउदीमा हुनुहुन्थो । "दिलीप करिब तीन वर्षको थियो । सन्तानको सुन्दर भविष्य बनाउने भनेर विसं २०५९ मा साउदी अरब गएको थिएँ । तर छोराको जिउँदो मुख पनि देख्न पाइनँ । त्यो घटना भएको १३ दिनपछि मात्रै नेपाल आउन पाएँ", रामनरेशले विगत सम्झिनुभयो । 'मधेस मुक्तिको लागि छोराले ज्यान गुमाएको हो भनेर आफूलाई सम्हाल्छु तर उनलाई सम्झाउन गाह्रो छ', छेवैमा आँसु टिलपिलाउँदै गर्नुभएकी श्रीमतीतर्फ हेर्दै उनले भने, 'यस्तो बेला छोराको याद आइहाल्छ । तर के गर्नु सोचेजस्तो भइरहेको छैन !" आफ्नो आँसु लुकाउँदै एकछिन रोकिएर भने, 'जे भनेर छोरालाई ज्यान गुमाउन बाध्य पारिएको थियो, त्यो पूरा भए त हुन्थ्यो नि !" सहिद नितु यादवका बुवा श्रीनारायण यादव त छोराको कुरा गर्नेबित्तिकै भक्कानिन्छन् । कुराकानीको बेला घर छेवैमा जोड्जोडले मत माग्दै गरेको चुनावी प्रचार सामग्री बजिरहेको थियो, यता श्रीनारायणको आँखामा आँसु छचल्किरहेको थियो । प्रष्ट नेपाली बोल्न नसक्ने उनले चुनावको चहलपहलले छोराको याद ताजा बनाएको बताए । 'यस्तो बेला मन भक्कानिन्छ, सम्हाल्न गाह्रो हुन्छ, ऊ भइदिएको भए यस्तो हुन्नथ्यो', उनले भने । सहिद नितुका दाजु रकु यादवले भाइको सहादतसँगै परिवारको खुसी लुटिएको बताए । 'घरको कान्छो छोरा हो, उसको ज्यान गएदेखि बुबाको मनस्थिति निकै खल्बलिएको छ । आमाको अवस्था यस्तै छ", रकुले भने, 'यस्ता कार्यक्रम (भीडभाड, भाषण, नाराबाजी हुने कार्यक्रम)ले उनको याद दिलाउँछ। झनै समस्या हुन्छ। निको हुन लागेको मनको घाउ बल्झिन्छ । 'घरपरिवारलाई सहयोग गर्छु, विदेश जान्छु भनेर भाइले राहदानी बनाइसकेको थियो तर आन्दोलनमा ज्यान गुम्यो । अहिले बुवाआमाको दैनिकी चलाउन पनि निकै मुस्किल छ । म एक्लैको कमाइले पुग्दैन । कतैबाट सहयोग छैन', रिकुले भनिन् । अर्का सहिद सञ्जय चौधरीको बुवाआमासहित १० जनाको परिवार छ । 'दाइ गुमाउनुको पीडा मलाई त छ नै, त्यो भन्दा बढी पीडा बुवाआमालाई छ', बहिनी ममता चौधरीको भनाइ थियो, "के गर्नु, मान्छे फर्केर नआए पनि यादहरू फर्केर आइरहन्छन् । दाइ भएको भए राजनीतिमा धेरै अगाडि बढ्नुहुन्थ्यो । उहाँले जे सपनासहित ज्यान गुमाउनुभएको थियो, त्यो सपना पूरा गर्न म पनि राजनीतिमा लागेको छु ।" लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)की केन्द्रीय सदस्यसमेत रहनुभएकी ममता भने सहिदहरूको सपनाअनुसार उपलब्धि हासिल हुनेमा अझै आशावादी हुनुहुन्छ । "अहिले केही अन्योल छ, तथापि सङ्घीयता, समावेशीताजस्ता मुद्दा तथा केही अधिकारहरू पूरा भएका छन्", उनले भने, "अब यी मुद्दाहरूको पूर्ण कार्यान्वयन र बाँकी सपना पूरा गर्न युवाहरू अगाडि बढ्नुपर्छ ।" आशा र निराशा दुवै छन् । तर गीतकार राजेन्द्र थापाले 'पर लैजाऊ फूलहरू, छोपीदेऊ तारा जुन, बन्द गर गीतहरू, तिम्रो याद आउने सबै चिजहरू' भनेर लेखेजस्तै नराम्ररी सताउने गरी आउने यादलाई विकास र समृद्धिले प्रतिस्थापन गर्न पाए हुन्थ्यो भन्ने चाहना सहिद परिवारको छ । 'पूरा गर बाचाहरु' बिहीबार, चुनाव प्रचारप्रसारको अन्तिम दिन हो । हरेक पाँच-पाँच वर्षमा यस्ता चुनाव आउने जाने भइरहन्छन् । २०६२/६३ को जनआन्दोलनपछि हालसम्म संविधानसभा र स्थानीय तहको चुनाव दुई-दुईपटक भइसकेको छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकपटक (२०७४) सम्पन्न भई यही मङ्सिर ४ गते दोस्रोपटक हुँदैछ । चुनाव हुने, सरकार बन्ने तर सोचेअनुसार परिणाम नआएकामा सहिद तथा घाइते परिवारको ठूलो गुनासो छ । "जब छोराको सालिक देख्छु, सबैले देख्ने र अमर हुने गरी ज्यान दियो भनेर गर्वले छाती चौडा हुन्छ । तर मेरो छोराजस्तै हजारौं सहिदले देखेको सपना पूरा नभएकामा मन चसक्क दुख्छ", जाँदाजाँदै रामनरेश यादवले भन्नुभयो, "जे भनेर आन्दोलनमा हाम्रा छोराछोरीको ज्यान गयो । ती बाचा कहिले र कसले पूरा गर्ला ? हिजो जोडिएका दलहरू टुट्दैफुट्दै गएको देख्दा नमज्जा लाग्छ ।" मताधिकार सार्वभौम नागरिक हुनुको परिचायक हो । त्यसैले थुप्रै गुनासा भए पनि अधिकांश नागरिक चुनावमा उत्साहित हुन्छन् नै । तर मधेसी सहिद प्रतिष्ठानका सदस्य अभियन्ता रामनरेश राय पनि मधेस आन्दोलनका सहिद तथा घाइते परिवारहरू खुसी र उत्साहित हुने अवस्था नरहेको बताउँछन् । उनले आन्दोलन भएको वर्षौं बित्दा पनि सोचेअनुसार उपलब्धि हासिल नभएकाले दिलीप, नितु, सञ्जयलगायत सहिद तथा अन्य घाइते परिवारहरू थप दुःखी भएको उल्लेख गरे । 'घरबार चलाउन, हातमुख जोड्न पनि धौधौ छ सहिद तथा घाइते परिवारलाई', रायले भने, "घरको समस्या त छँदैछ, त्योभन्दा बढी मधेश आन्दोलनको मुद्दा र सत्ता राजनीतिका लागि यहाँका दलहरूमा भइरहेको क्षयीकरणले हाम्रो मन दुखिरहेको छ ।" उनी २०६३ माघ २१ गते सहादत प्राप्त दिनेश राय यादवको भाइ पनि हो । मधेश आन्दोलनकी जानकार राजनीतिकर्मी विभा ठाकुरले पनि मधेस आन्दोलनमा गरेका बाचा मधेसवादी दलहरूको विभाजन र बेमेलसँगै थप कमजोर हुँदै गएकामा सहिद तथा घाइते परिवार चिन्तित रहेको पाएको बताए । उनले मधेसमात्रै होइन, परिवर्तनका लागि सहादत दिने सहिदहरूको सपना र जनतामाझ गरेका बाचा पूरा गर्ने दायित्व सबैको भएको बताए । सङ्घीयता र समावेशीताको माग गर्दै २०६३ माघ २ गतेदेखि सुरु भएको २१ दिने मधेश विद्रोहदेखि २०७४ सम्म पटक-पटक भएका मधेश आन्दोलनमा ६३ जनाले सहादत प्राप्त गरेका र ७२ जना घाइते भएको तथ्याङ्क छ। यसमध्ये जनकपुरमा मात्रै सात जना सहिद भएको मधेशी सहिद प्रतिष्ठानले जनाएको छ । रासस

## शिक्षामा वाचा गर्दै ..............................

अनिवार्यरुपमा पुस्तक सम्बन्धित सबै शैक्षिक संस्थामा पुग्ने व्यवस्था मिलाइने दाबी पनि माओवादी केन्द्रको प्रतिबद्धतापत्रमा उल्लेख छ। शिक्षा क्षेत्रको बृहत् गुरुयोजना तयार पारी आमूल परिवर्तनको प्रत्याभूति दिइनाका साथै कक्षा १२ पास गरेको कुनै पनि विद्यार्थी बेरोजगार बन्न नपर्ने गरी सैद्धान्तिक एवं व्यावहारिक पक्षबीच सन्तुलन हुने गरी पाठ्यक्रममा आमूल परिवर्तन गरिने प्रतिबद्धता पत्रमा दाबी गरिएको छ ।

नेकपा (एकीकृत समाजवादी) नेकपा (एमाले) बाट विभाजन भई बनेको नेकपा (एकीकृत समाजवादी)ले पनि २० प्रतिशत बजेटको विषयलाई समेटेको छैन । माधवकुमार नेपाल नेतृत्वको यस पार्टीले प्रत्येक पालिकामा एउटा प्राविधिक शिक्षालय सुरु गरी प्राविधिक शिक्षामा जोड दिने भनेको छ । विद्यावारिधि गर्न चाहने शोधार्थीलाई एक पटकका लागि एकमुष्ट रु दुई लाख छात्रवृत्ति र कृषि, स्वास्थ्य, प्राविधिमा उच्च शिक्षा हासिल गर्नका लागि स्थानीय सरकारले छात्रवृत्ति र सहयोग गर्ने उल्लेख गरेको छ। माध्यमिक तहको शिक्षा पूरा गरेको विद्यार्थीलाई सिक्दै र कमाउँदै (लर्न एन्ड अर्न) प्रणालीलाई पढ्दै, सिक्दै र पढाइ खर्चका लागि कमाउँदै गर्ने कार्यक्रम सुरु गर्नेसमेत घोषणा गरेको छ । आवधिक योजनाले के भन्छ ? हाल १५औं आवधिक योजना चलिरहेको छ । २०७५/७६ देखि सुरु भएको चालु आवधिक योजना २०८०/८१ मा सम्म कार्यान्वयन गरिने यस योजनामा अबको एक वर्षभित्र साक्षरता दर ९५ प्रतिशत, युवा साक्षरता दर ९९ प्रतिशत, आधारभूत तह (१-८) खुद भर्नादर ९१ प्रतिशत, माध्यमिक तह (९-१२) खुद भर्नादर १५ प्रतिशत र उच्च शिक्षाको कूल भर्ना दर खुद भर्नादर सय प्रतिशत पुऱ्याउनु पर्नेछ ।

त्यति मात्रै होइन, निजी लगानीका विद्यालयको नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्नुपर्नेछ। साथै, उच्च शिक्षा प्रदायक संस्थालाई प्रविधियुक्त सिकाइको केन्द्रका रुपमा विकास गर्दै गुणस्तर सुनिश्चित एवं प्रत्ययन प्रणाली सबल र अनिवार्य बनाउने, अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइलाई आयमूलक कार्यक्रमसँग आबद्ध गर्नेलगायतका १४ वटा रणनीति हामीले हासिल गर्नुपर्ने हुन्छ । रासस

# शीर्ष रिपब्लिकनहरूको भेलालाई ट्रम्पले सम्बोधन गर्ने

लास भेगास, ३ मङ्सिर

सन् २०२४ मा राष्ट्रपतिको दौडमा पुनः भिड्ने तयारीको घोषणा गरेका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो भाषणमार्फत व्हाइट हाउसका सम्भावित प्रतिद्वन्द्वीहरू सहित यस सप्ताहन्तमा रिपब्लिकन पार्टीका वरिष्ठ नेताहरूको भेलालाई सम्बोधन गर्दै छन । पूर्व अमेरिकी राष्ट्रपति ट्रम्पको नाम लस भेगासमा शुक्रबार शुरु भएको रिपब्लिकन यहूदी गठबन्धनको वार्षिक नेतृत्व बैठकको अतिथि सूचीमा ढिलो थपिएको थियो । ट्रम्प शनिबार भिडियो मार्फत शीर्ष वक्ताहरूको सूचीमा सामेल हुनुहुनेछ जसमा फ्लोरिडाका गभर्नर रोन डेसेन्टिस, पूर्व उपराष्ट्रपति माइक पेन्स र पूर्वमन्त्री लगायतको सूची तयार छ । उहाँको मार-ए-लागो घरमा एक घण्टा लामो सम्बोधनपछि आगामी राष्ट्रपतिको दौडका निम्ति उहाँको यो पहिलो सार्वजनिक सम्बोधन हुनेछ ।त्यो भाषण मध्यावधि चुनावमा रिपब्लिकन पार्टीको निराशाजनक प्रदर्शनको एक हप्ता पछि आयोजित हुँदैछ । नेतृत्वद्वारा समर्थित उच्च



प्रोफाइल उम्मेद्वारहरूले मतदानमा मुख्यधारमा रहेका रिपब्लिकनहरू भन्दा खराब प्रदर्शन गरेको टिप्पणी भइरहेको छ। यद्यपि रिपब्लिकन पार्टीले प्रतिनिधिसभामा झिनो बहुमत हासिल गर्न मात्र सफल भएको छ । शुक्रबार एक रात्रिभोज उत्सवपछि पोम्पीओले रिपब्लिकनहरूलाई अगाडि बढ्न आग्रह गरेका थिए । उनले आफ्नो पुरानो नेतृत्वको नाम उल्लेख नगरे पनि गुनासो गर्ने भन्दा पनि काम गर्नुपर्ने आवश्यकताको बारेमा घुमाउँरो पाराले जोड दिएका थिए । जब हामी रूढिवादी मुद्दा प्रस्तुत गर्छौं, जब हामी तर्क गर्छौं हामी त्यसो खुशी र मुस्कानका साथ गर्छौं, उनले भने । हामी केवल मेसिनको बिरूद्ध काम गर्दैनौं हामी केवल फक्स न्यूजमा जादैनौं वा ट्वीटहरू पठाउँदैनौं, हामी वास्तवमा कडा मेहनत गर्छौं। उनले भने । रिपब्लिकनको कमजोर चुनावी प्रदर्शनको लागि आफूलाई दोष दिन अस्वीकार गर्ने ट्रम्पले सम्भावित राष्ट्रपतिका प्रतिद्वन्द्वीहरूका बारेमा आफ्नो परम्परागत बम फ्याँक्न शुरु गरिसकेका छन । डेसेन्टिसलाई रोन डिस्यान्टिमोनियस भनेर डब गर्दै र भर्जिनियाका गभर्नर ग्लेन यंगकिनको नाम चिनियाँ सुनिन्छ जस्ता टिप्पणी सार्वजनिक भएका छन् । शनिबारको उपस्थिति पनि अमेरिकी न्याय विभागले ट्रम्पमाथिको आपराधिक अनुसन्धानको निरीक्षण गर्न एक स्वतन्त्र अभियोजकको नाम दिएपछि सार्वजनिक हुनेछ । जसमा उनको शीर्ष गोप्य कागजातहरू लुकाउने र जनवरी २०२१ मा अमेरिकी क्यापिटलमा भएको भीड आक्रमणमा उहाँको संलग्नता समावेश लगायतका आरोप छन् । यस भेलामा इजरायलका प्रधानमन्त्री-निर्वाचित बेन्जामिन नेतान्याहु पनि समावेश हुनुहुन्छ र भेला आइतबारसम्म चल्नेछ । (रासस-एएफपी)

# विश्वकप इतिहास : पहिलोपल्ट २४ टिम सहभागी, अर्जेन्टिनाका लागि बिर्सनलायक

३ मंसिर, काठमाडौं

सन् १९८२ मा फिफाले सहभागी टिमको संख्या १६ बाट बढाएर २४ बनायो । स्पेनले पहिलोपल्ट आयोजना अधिकार पाउँदा १४ शहरको १७ रंगशालामा विश्वकपका खेल सन्चालन गरिए । चार वर्षअघि अर्जेन्टिनाले घरेलु मैदानमा पहिलो विश्वकप उपाधि जितेको थियो । उनीहरु युवा सुपरस्टार म्याराडोनाको भरोसामा थिए । तर, अर्जेन्टिनी टिमले समूह चरण पार गर्न सकेनन् । यो विश्वकपमा ब्राजिलले आक्रामक फुटबलको नमूना प्रस्तुत गरेको थियो । उनीहरुका स्टार खेलाडीहरु जिको, फाल्काओ र सोक्रेट्सले शानदार प्रदर्शन गरेका थिए । तर, इटलीसँग पराजित भएपछि उनीहरु सेमिफाइनलसम्म पुग्न सकेनन् । पहिलोपल्ट विश्वकपका लागि छनोट भएको अल्जेरियाले तत्कालीन युरो च्याम्पियन पश्चिम जर्मनीलाई हराएर अहिलेसम्मकै सबैभन्दा ठूलो सफलता निकाल्न सक्यो । अल्जेरियाले चिलीमाथि पनि ३-२ को जित पश्चिम



जर्मनीले अस्ट्रेलियामाथि निकै नै विवादास्पद जित हासिल गर्दा अल्जेरिया दोस्रो चरणमा पुग्न सकेन । पश्चिम जर्मनीले एक वा दुई गोलसम्मको जित हासिल गरेको खण्डमा दुवै टिम दोस्रो चरणमा पुग्ने समीकरण बनेको थियो ।

पूर्व विश्व च्याम्पियन जर्मनीले दशौं मिनेटमै अग्रता लिएको थियो । त्यसयता खेल अवधिभर दुवै टिमले आक्रमणको प्रयास नै गरेनन् । विश्वकपमा अहिलेसम्म पनि त्यो खेललाई अघोषित मिलेमतोका रुपमा लिने गरिन्छ । प्रतियोगितामा अल्जेरियाका अलावा क्यामरुन, होण्डुरस, कुवेत र न्युजिल्याण्डले पनि पहिलोपल्ट सहभागिता अवसर पाएका थिए । अफिसियलबाट पक्षपातको आरोप लागे पनि आयोजक स्पेन पहिलो चरणबाट माथि जान सकेन । फाइनलमा पूर्व च्याम्पियनहरु इटली र पश्चिम जर्मनी आमने सामने भएका थिए । पाउलो रोसीले सो विश्वकपमा आफ्नो छैटौं गोल गरी इटलीलाई तेस्रोपल्ट विश्वकप उपाधि दिलाए । फाइनलमा रोसीका अलावा मार्को टार्डेली र अलेसान्द्रो अल्टोबेलीले पनि गोल गरेका थिए । जर्मनीका लागि पाउल ब्रेटनरले ८३औं मिनेटमा सान्त्वना गोल फर्काएका थिए । यो विश्वकपदेखि बराबरीको नतिजाबाट विजेता छुट्याउन पेनाल्टी शुटआउटको सुरुवात भएको हो । अतिरिक्त समयपछि पेनाल्टीको व्यवस्था गरियो । हंगेरीले एल साल्भाडोरमाथि १०-१ गोलअन्तरको जित विश्वकप इतिहासकै सबैभन्दा फराकिलो नतिजा हो । फकल्याण्डको युद्धका कारण ब्रिटिस देशहरुले बहिस्कारको चेतावनी दिएका थिए । यद्यपी उनीहरुले अन्तिम समयमा सहभागी हुने निर्णय लिए ।

# इजरायली हमलामा चार सिरियाली सैनिक मारिए

दमास्कस, ३ मङ्सिर,

इजरायली आक्रमणमा शनिबार बिहान मध्य र पश्चिमी जिल्लाहरूमा चार सिरियाली सरकारी सैनिकको मृत्यु हुनाका साथै एक जना घाइते भएको सिरियाली सरकारी मिडियाले जनाएको छ । विहान ०६:३० बजे इजरायली शत्रुले हवाई आक्रमण गरेको र त्यसमा परी चार सैनिकको मृत्यु भएको र एक सिपाही घाइते भएको , सैन्य स्रोतले आधिकारिक साना समाचार एजेन्सीलाई बताएको छ । बेलाइतमा रहेको सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले होम्स र हामा प्रान्तमा इरानी समर्थक समूहहरूलाई निशाना बनाएर हतियार र गोलाबारुद स्थलमा आक्रमण गरेको बताएको छ । त्यसैगरी इजरायलले लाटाकिया प्रान्तमा रहेको सिरियाली एयर डिफेन्स ब्याट्रीलाई



पनि निशाना बनाएको छ । इजरायलले त्यस्ता रिपोर्टहरूमा विरलै टिप्पणी गर्ने गर्छ तर सन् २०११ मा गृहयुद्ध शुरु भएदेखि सिरियाली क्षेत्रमा सयौं हवाई हमलाहरू गरेको छ ।

सरकारी स्थानहरू साथै इरान समर्थित सेना र हिजबुल्लाह लडाकुहरूलाई त्यसको निशान बनेका छन् । इजरायलले बारम्बार भनेको छ कि उसले आफ्नो कट्टरपन्थी इरानलाई त्यहाँ पाइला टेक्न अनुमति दिने छैन ।नोभेम्बर ८, २०२१मा मा शायरात एयर बेसलाई लक्षित गर्दै इजरायली आक्रमणमा दुई सिरियाली सरकारका सैनिकहरू घाइते भएको पनि सिरियाली राज्य मिडियाले जनाएको छ । अक्टोबरको अन्तमा, दमास्कस नजिकैको धेरै स्थानहरूमा इजरायली आक्रमणको क्रममा चार इरानी समर्थक लडाकु मारिएको पनि अब्जरभेटरीले जनाएको छ । (रासस-एएफपी)

# यू-१९ क्रिकेट सुदूरपश्चिम प्रदेश छनोट

दोधारा चाँदनी, ३ मङ्सिर

वाइवाइ यू-१९ पुरुष एक दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेशस्तरीय छनोटअन्तर्गत २२ खेलाडी बन्द प्रशिक्षणमा छन् । कात्तिक २५ देखि मङ्सिर १ गतेसम्म महेन्द्रनगरमा छनोट प्रतियोगिता भएको थियो । उक्त छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका आधारमा छनोट समितिले अन्तिम २२ जनाको नामावली सङ्घलाई बुझाएको जिल्ला क्रिकेट सङ्घका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले बताए । छनोट प्रतियोगितामा सुदुरपश्चिम प्रदेशका आठ जिल्लाका टोलीको सहभागिता रहेकामा फाइनल खेलमा डडेल्धुरालाई आठ विकेटले पराजित गर्दै कञ्चनपुरले उपाधि हात पारेको थियो । बन्द प्रशिक्षणमा कञ्चनपुरका



हेमन्त धामी, मिलन बोहरा, अनुराग सिंह, राहुल चन्द, आकाश चन्द, डडेल्धुराका दीपक बोहरा, विशाल ऐर, कैलाश ऐर, सचिन साउद, बैतडीका दीपक बोहरा, गजेन्द्र बोहरा, प्रदीप चन्द, सुनिल चन्द, दार्चुलाका विपिन धामी, वीरेन बम, कैलालीका टेक रावत, दिनेश ओड, नरेन साउद, डोटीका किष्ण ऐर, अछामका युवराज खत्री र बझाङका सन्जे बोहरा छन् । जिल्ला क्रिकेट सङ्घ कञ्चनपुरका अध्यक्ष चन्दले शुक्रबारदेखि खेलाडी बन्द प्रशिक्षणमा रहेको बताए ।

प्रशिक्षणमा उत्कृष्ट प्रदर्शन गरेको आधारमा सुदूरपश्चिम प्रदेशको टोली बनाइने छ, उनले भने , उक्त टोलीले राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेछ । नेपाल क्रिकेट सङ्घको आयोजनामा मङ्सिर ८ गतेदेखि काठमाडौँमा वाइवाइ यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ । रासस

# अफगानिस्तानको मानवीय अवस्थाप्रति भारतको चिन्ता



न्युयोर्क, ३ मङ्सिर

अफगानिस्तानको अहिलेको मानवीय अवस्थालाई लिएर भारतले चिन्ता व्यक्त गरेको छ। साथै उसले लामो युद्धबाट प्रताडित देशका जनतालाई मद्दत गर्ने आफ्नो अटल प्रतिबद्धता पुनः दोहोऱ्याएको छ । अफगानिस्तानमा बढ्दै गएको मानवीय अवस्थाप्रति भारत गम्भीर रुपमा चिन्तित भएको तथा त्यहाँका जनताको मानवीय आवश्यकता र सहायता परिपूर्तिका निम्ति संयुक्त राष्ट्रसङ्ले गरेको अपीलको प्रत्युत्तरमा आफ्नो देशले मानवीय सहायताका धेरै सामग्री उपलब्ध गराएको राष्ट्रसङ्घका लागि यहाँस्थित भारतको स्थायी नियोगका काउन्सिलर मधु सुदनले बताएका छन् । सुरक्षा परिषद्को एक बैठकमा अफगानिस्तानको निकट छिमेकी भारतले लामो समयदेखिको साझेदार उसको परिस्थितिलाई ध्यान दिँदै देशमा शान्ति र स्थायित्व सुनिश्चित गर्न निरन्तर सहयोग गरिरहेको काउन्सिलर सुदनले अर्बौं लगानीका परियोजना र कार्यक्रम कार्यान्वयन गरेको बताए । तालिबानले सत्ता कब्जा गर्नु अघि पनि अफगानिस्तानको विकास, पुनर्निर्माण र जनताको क्षमता अभिवृद्धि गर्ने लक्ष्यका साथ उसलाई आत्मनिर्भर राष्ट्र बनाउने उद्देश्यले विकास साझेदार भएर भारतले सघाइरहेको जानकारी दिए । (रासस/एएनआई)

# दक्षिण अफ्रिकाका ६८ प्रतिशत युवाहरू भेदभावको शिकार

प्रिटोरिया, ३ मङ्सिर

दक्षिण अफ्रिकाका लगभग ६८ प्रतिशत युवाहरूले विद्यालयदेखि काम गर्ने स्थानदेखि लिएर सामुदायिक स्थलहरूमा समेत आफूहरू विरुद्ध हुने भेदभाव जीवनको एक नियमित हिस्सा जस्तै भएको गुनासो गरेका छन् । संयुक्त राष्ट्रसंघ बाल कोष (युनिसेफ) ले शुक्रबार एक प्रतिवेदन सार्वजनिक गर्दै सो कुरा जनाएको छ । उमेर, लिङ्ग, शिक्षा, आम्दानी र छालाको रङ्गका युवा उत्तरदाताहरूले भेदभावले उनीहरूको जीवन प्रगतिमा असर गरेको महसुस गरेका छन्। बालबालिका विरुद्धको हिंसाको स्तर र दक्षिण अफ्रिकामा युवा जीवनलाई असर गर्ने र भेदभाव गर्ने असमानतालाई तत्कालै सम्बोधन गरि नुपर्ने युनिसेफ दक्षिण अफ्रिका प्रतिनिधि क्रिस्टिन मुहिगानाले बताएका छन् ।बालबालिका विरुद्ध हुने भेदभाव विरुद्ध हामी सबैले



कारण भेदभाव हुने गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यो प्रतिवेदन नोभेम्बर २० मा मनाइने विश्व बाल दिवसको केही अगाडिमात्र जारी गरिएको हो । प्रतिवेदनका अनुसार करिब ८० प्रतिशत लड्नुपर्छ, उनले भनिन् ।

विश्व बाल दिवस हरेक बालबालिकाको अधिकारको लागि हाम्रो आह्वानलाई बलियो बनाउने क्षण हो' उनले जोड दिइन् ।

(रासस-सिन्ह्वा)

# अण्डर-१९ राष्ट्रिय क्रिकेट गण्डकीको टोली घोषणा



कास्की, ३ मङ्सिर

राजधानी काठमाडौंमा सञ्चालन हुने 'वाई वाई अण्डर १९ राष्ट्रिय पुरुष क्रिकेट' प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली घोषणा गरिएको छ ।गण्डकी प्रादेशिक क्रिकेट सङ्घले यही मङ्सिर ७ देखि १९ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका लागि १४ नियमित र चार वैकल्पिक गरी १८ सदस्यीय अन्तिम टोलीको घोषणा गरेको हो । गण्डकीको टोलीको कप्तानीको जिम्मा सुवास भण्डारीले पाउनुभएको छ भने उपकप्तान दीपक डुम्रे छन । टोलीका सदस्यहरूमा अर्जुन कुमाल, गोविन्द विक, सोहेल कुँवर, करन पँगेनी, सचिन अधिकारी, सिब्रिन श्रेष्ठ, अपराजित पौडेल, सुजन गौतम, किरण भट्टराई, नितेश गिरी, सुदीप अर्याल र शिशिर भुसाल छन ।यसैगरी वैकल्पिक खेलाडीहरूमा विवेक नेपाली, सुगन सापकोटा, संयोग बस्याल र विपिनराज न्यौपाने छन ।गण्डकीको टिम प्रशिक्षकमा रिजन प्रजु र व्यवस्थापक दिवाकर थापा रहनुभएको गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष देवेन्द्र प्रजुले जानकारी दिए । गण्डकी प्रदेशले पोखरामा प्रदेशस्तरीय छनोट प्रतियोगिता सञ्चालन गरी खेलाडीहरू छनोट गरेको हो । पोखरामा कात्तिक २४ देखि मङ्सिर १ गतेसम्म छनोट प्रतियोगिता सञ्चालन भएको थियो । 'वाई वाई अण्डर १९ राष्ट्रिय पुरुष क्रिकेट' प्रतियोगितामा देशका सात वटै प्रदेशले सहभागिता जनाएका छन् ।रासस



बहुअरी-१४, बिरगंज कुलिया उम्मे कुलसुम लिल बनात बालिका विद्यालय

# मतगणना स्थलमा तारजाली र सिसीटिभी जडान

मधेशदृष्टि
वीरगंज, मंसिर ३



पर्सामा मतगणना स्थललाई सुरक्षित बनाउन तारजाली र सिसीटिभी क्यामेरा जडान गरिएको छ । जिल्लाका ४ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नम्बर १ र २ को ठाकुरराम बहुमुखी क्याम्पस परिसर भित्र तथा क्षेत्र नम्बर ३ र ४ को जिल्ला उच्चांगल माविको हाताभित्र मतगणना गरिने हुँदा मतगणना स्थलमा कडा सुरक्षाका लागि तारजाली र सिसीटिभी क्यामेरा जडान गरिएको पर्साका मुख्य निर्वाचन अधिकृत विनोद कुमार पोखरेल जानकारी दिए ।

मतगणनास्थलमा सुरक्षा व्यवस्था कडा गर्ने गरी तारजाली र सिसिटिभी क्यामेरा जडानको काम सम्पन्न भएको पोखरेलले बताए । यसैगरी आइतवार हुने मतदानका लागि जिल्लाका १ सय ६९ मतदान स्थल तथा ४ सय १७ मतदान केन्द्रको सम्पूर्ण तयारी पुरा भएको मुख्य निर्वाचन अधिकृत पोखरेलले बताए । पर्साका मतदान केन्द्रहरुलाई साधारण, संवेदनशिल र अतिसंवेदनशिल गरी ३ वर्गमा विभाजन गरी नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र म्यादी प्रहरीको सुरक्षा घेराभित्र रहने गरी भयरहित वातावरणमा शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्ने तयारी अवस्थामा रहेको पोखरेलले बताए । यसैगरी आइतवार निर्वाचन सम्पन्न भएसँगै क्षेत्र नम्बर १ र २ का मत पेटिकाहरु सिलबन्दी गरी वीरगंजको ठाकुरराम क्याम्पसमा पुऱ्याउने र क्षेत्र नम्बर ३ र ४ को पोखरीयास्थित जिल्ला उच्चाङ्गल माविमा मत पेटिकाहरु पुगिसकेपछि सर्वदलीय सहमतिको आधारमा मंसिर ५ गते विहान ७ बजे सर्वदलीय बैठक बस्ने र बैठक सम्पन्न भएसँगै ५ गते ८/९ बजे देखि मतगणना सुरु गरिने कार्यक्रम तय गरिएको मुख्य निर्वाचन अधिकृत पोखरेलले जानकारी दिए ।

# पूर्वमन्त्री चौधरीलाई २५ हजार जरिवाना

मधेशदृष्टि
जनकपुर, मंसिर ३



निर्वाचन आचार संहिता उल्लंघन गर्ने सहरी विकासमन्त्री मेटमणि चौधरीलाई निर्वाचन आयोगले २५ हजार रूपैयाँ जरिवाना गरेको छ ।

आचारसंहिता उल्लंघन गर्दै मतदाता प्रभावित बनाउन बाढी पिडितलाई चामल बाँडेको आरोपमा उनलाई आयोगले जरिवाना गरेको हो । चौधरीले आफ्नो क्षेत्रमा बाढी पीडितलाई राहत वितरण गर्ने भन्दै मतदाता प्रभावित पारेको आयोगको भनाइ छ ।

त्यस्तै, स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङलाई पनि आयोगले ५ हजार हजार रूपैयाँ जरिवाना र विभागीय कारबाहीको सिफारिस गरेको छ ।

उनले निर्वाचन आचारसंहिता लागू भएपछि कर्मचारी सरुवा गरेको आयोगको भनाइ छ ।उनीहरूलाई निर्वाचन आयोग ऐनअनुसार जरिवाना गरिएको निर्वाचन आयोगको भनाइ छ ।

# कैदीबन्दी मतदान गर्दै



मधेशदृष्टि
वीरगंज, मंसिर ३

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पहिलो पटक वीरगंज करागार लगायत देशैभरका कारागारहरुमा रहेका कैदीबन्दीले मताधिकारको प्रयोग गर्ने भएका छन् ।

मतदाता नामावलीमा नाम समावेश भई निर्वाचन कसुरमा सजाय पाएका बाहेकका कैदीबन्दीले प्रतिनिधिसभाको समानुपातिकतर्फ मतदान गर्न पाउने व्यवस्था गरिएको छ । यसैबीच, वीरगंज कारागारमा निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको कारागार प्रशासनले जनाएको छ । कैदीबन्दीलाई निर्वाचनमा सहभागी हुन वीरगंज कारागार भित्रै अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ ।

सो केन्द्र मार्फत वीरगंज कारागारमा रहेका ३७ जना कैदीबन्दीले मताधिकार प्रयोग गर्न पाउने भएको जिल्ला निर्वाचन पर्साकी प्रमुख रन्जिता झाले बताईन् ।

यसैगरी कर्मचारी, प्रहरी, सेना, सशस्त्र प्रहरीहरुका लागि समेत पर्सामा अस्थायी मतदान केन्द्र तोकिएको छ ।

पर्साका कर्मचारीहरुले जिल्ला हुलाक कार्यालयमा रहेको अस्थायी मतदान केन्द्रमा मतदान गर्नेछन् ।

अस्थायी मतदान केन्द्रमा ९ सय १४ जना कर्मचारीहरुले मतदान गर्ने भएका छन् । निर्वाचन आयोगले यसपटकदेखि मतदाता नामावलीमा नाम समावेश भएका तर मतदान केन्द्रमा नखटिने कर्मचारी र सुरक्षाकर्मी, वृद्धाश्रममा रहेका व्यक्ति, निर्वाचन कसुरमा सजाय पाएका बाहेकका कारागारमा रहेका कैदी र बन्दीलगायत व्यक्तिलाई प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदानको व्यवस्था मिलाएको छ । आयोगले २०७२ सालमा जारी भएको नेपालको संविधानपछि अस्थायी मतदाताले मतदान गर्ने व्यवस्था पहिलो पटक कार्यान्वयनमा ल्याएको हो ।

# एक हजार सात सय अस्थायी मतदाताले मतदान गर्दै




मधेशदृटि
सिरहा, मंसिर ३

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा सिरहामा एक हजार सात सय भन्दा बढी अस्थायी मतदाताले मत खसाल्न पाउने भएका छन् । जिल्ला भरीमा खटिएका सुरक्षाकर्मी, कर्मचारी, कारागारमा रहेका थुनुवा र कैदी गरी एक हजार ७१० अस्थायी मतदाताले समानुपातिकमा मत खसाल्न पाउने भएका हुन् ।

जल्लाका १७ स्थानीय तहका ५०५ मतदान केन्द्रमा खटिएको नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी ६ सय ६२, र ९ सय २७ कर्मचारी र सिरहा कारागारमा रहेका १ सय २१ थुनुवा र कैदीले प्रतिनिधिसभाका लागि समानुपातिकतर्फ अस्थायी मतदाताको रुपमा मत खसाल्न पाउने सिराहा निर्वाचन कार्यालय अधिकृत इन्दिरा यादवले बताईन् ।

जिल्लाभर निर्वाचन सुरक्षाका लागि खटाइएका दुई हजार ८ सय ९ म्यादी प्रहरीले भने मत खसाल्न पाउने छैनन् । अस्थायी मतदाताको लागि सूची पठाउने समयमा म्यादी प्रहरीको छनौट प्रकृया चलिरहेकाले उनीहरुको नाम अस्थायी मतदाताका रुपमा छुटेको अधिकृत यादवले बताइन् । उनका अनुसार 'कर्मचारी, निर्वाचनमा खटाइएका सुरक्षाकर्मी, कारागारमा रहेका थुनुवा र कैदीहरुको नाम समावेश गरी एक हजार ९ सय २३ जनाको नाम अस्थायी मतदाताका लागि आयोगमा पठाइए पनि आयोगले रुजु गर्दा दुई सय १३ जनाको नाम काटिएको निर्वाचन अधिकृत यादवले बताइन् ।

सिरहाको आठ नगरपालिका र नौ गाउँपालिकामा गरी दुई लाख २४ हजार ९९ पुरुष, एक लाख ९८ हजार छ सय ११ महिला तथा दुई तेस्रो लिंगी गरी चार लाख २२ हजार सात सय १२ मतदाता रहेका छन् ।


# कुनै निस्साको आधारमा भोट हाल्न पाईने

मधेशदृष्टि
वीरगंज, मंसिर ३

के तपाईंसँग मतदाता परिचयपत्र छैन ? हराएको छ वा कतै छुटाउनुभएको छ ? त्यसैले भोट कसरी हाल्ने भन्ने चिन्तामा हुनुहुन्छ ? यदि त्यसो हो भने चिन्ता नलिनुस् ।

निर्वाचन आयोगले आफ्नो फोटो भएको परिचयपत्र देखाएर पनि भोट हाल्न सकिने जनाएको छ । तर त्यसको लागि मतदाता नामावलीमा आफ्नो नाम भने दर्ता भएको हुनुपर्छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मतदाता परिचयपत्र नभएकाले आयोगले तोके बमोजिम आफ्नो फोटो टाँसिएको नागरिकताको प्रमाणपत्र, राहदानी, जग्गाधनी प्रमाण पूर्जा, सवारी अनुमति पत्र वा राष्ट्रिय परिचयपत्रमध्ये कुनै एउटा परिचय पत्र बोकेर जानसक्ने बताएका छन् । यस्तै प्रमुख निर्वाचन आयुक्त भण्डारीले अरुको नाममा मत नहाल्न, दोहोऱ्याएर मत हाल्ने प्रयास नगर्न, आफ्नो मत अरुलाई हाल्न नदिन र मतपत्र लिँदा मतपत्रमा मतदान अधिकृतको दस्तखत भए/नभएको यकिन गर्न पनि आग्रह गरे ।

उनले मतदान गर्न आउने अशक्त, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी, किरियापुत्री, अपाङ्गता भएका व्यक्तिलाई आवश्यक सहयोग गर्न र सबैभन्दा पहिला मतदान गर्ने व्यवस्था मिलाउन पनि सम्बन्धित पक्षसँग अनुरोध गरे ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचोक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल